# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (पहिलो बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः २०७८।०२।१६गते

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, प्रदेश सभाको आठौं अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ । सर्वप्रथम यस प्रदेश सभाको आठौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, चौधौ गणतन्त्र दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । अब लोकतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ (एक) मिनेट मौन धारण गरौं । धन्यवाद।

माननीय सदस्यहरू, नेपाल लगायत विश्वभरि फैलिरहेको कोभिड-१९ को माहामारीको कारण हामी प्रभावित भएका छौं । यस महामारीबाट ज्यान गुमाउन परेका देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस महामारीबाट प्रभावित भएका सम्पूर्ण नेपालीहरूमा शीघ्र स्वाथ्य लाभको कामना गर्दछौं। माननीय सदस्यहरू, माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ, सो को व्यहोरा म पढेर सुनाउँछु ।

मिति :- २०७८ साल २ महिना ११ गते

विषय :- गण्डकी प्रदेश सभाको अधिवेशनको आह्वान सम्बन्धमा

श्री माननीय सभामुखज्यू,
प्रदेश सभा, गण्डकी प्रदेश पोखरा ।

प्रदेश सरकार, गण्डकी प्रदेश मन्त्रिपरिषद्को सिफरिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अधिवेशन संवत् २०७८ साल जेठ १६ गते आईतबार दिनको १ बजेदेखि पोखरा सभागृहमा आरम्भ हुने गरी आव्हान गरेको छु ।

शितल कुमारी पौडेल,
प्रदेश प्रमुख ।

माननीय सदस्यहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशबाट जानकारी सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्, सो को व्यहोरा म पढेर सुनाउछु ।

मिति :- २०७८।०२।० गते

श्री प्रदेश सभा सचिवज्यू,

प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश पोखरा ।

माननीय मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङज्यूको सिफारिसमा माननीय प्रदेश प्रमुखज्यूबाट नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजन गर्नुभएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु।

१. माननीय पृथ्वीसुव्वा गुरुङ, मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् आन्तरिक मामिला तथा मन्त्रालय तथा कानुन भौतिक पूर्वाधार विकास, सामाजिक विकास, उद्योग, पर्यटन, वन तथा वातावरण, भूमि व्यवस्था, कृषि तथा सहकारी ।

२. माननीय किरण गुरुङ मन्त्री आर्थिक मामिला तथा योजना ।

३. माननीय रामशरण बस्नेत मन्त्री विना विभागीय ।

४. माननीय नरदेवी पुन मगर मन्त्री विना विभागीय ।

५. माननीय विकास लम्साल मन्त्री विना विभागीय ।

६. माननीय राजीव गुरुङ मन्त्री युवा तथा खेलकुद ।

रामचन्द्र ढकाल

(निमित्त प्रमुख सचिव)

नवनिर्वाचित मन्त्रिपरिषद्मा नियुक्त हुनुभएका माननीय सदस्यहरूलाई हार्दिक वधाई ज्ञापन गर्दछु । मिति २०७८।२।६ गते, श्री प्रदेश सभा सचिवज्यू, प्रदेश सभा सचिवालय गण्डकी प्रदेश पोखरा, माननीय मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङज्यूको सिफारिसमा माननीय प्रदेश प्रमुखज्यूबाट मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम देहाय बमोजिमको हेरफेर गरी कार्य विभाजन गर्नुभएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

१. माननीय पृथ्वी सुव्वा गुरुङ मुख्य मन्त्री, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् स्वास्थ्य तथा जनसंख्या ।

२. माननीय किरण गुरुङ मन्त्री अर्थ भूमि व्यवस्था कृषि शहरी तथा गरिबी निवारण ।

३. माननीय रामशरण बस्नेत मन्त्री भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था, ऊर्जा जलस्रोत तथा खानेपानी, कानुन सञ्चार तथा प्रदेश सभा मामिला।

४.	माननीय नरदेवी पुन मगर मन्त्री शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास ।

५.	माननीय विकास लम्साल मन्त्री पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति, वन वातावरणीय तथा भूसंरक्षण ।

६.	माननीय राजीव गुरुङ मन्त्री युवा तथा खेलकुद।

माननीय सदस्यहरू, अब यस सभाको आठौं अधिवेशनको प्रथम वैठकको अवसरमा माननीय सदस्यहरूलाई आ-आफ्ना भनाई राख्न समय दिन्छु । सर्वप्रथम म माननीय श्री हरिशरण आचार्यलाई बोल्न समय दिन्छु । माननीय सदस्यलाई यहीबाट बोल्ने व्यवस्था मिलाइएको छ ।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, आज अजिरता अधिवेशन, अधिवेशनको पहिलो दिन, हामीले वर्षे अधिवेशन पनि भन्ने गर्छौं । यो अधिवेशन आज हामी शुरु गर्दैछौं । यो सन्दर्भमा आजकै दिन अथवा हिजो नेपाली राजनीतिक एउटा घटनाक्रमले बदलदिएर एउटा नयाँ संन्दर्भ आएको नेपाली जनताले ठूलो त्याग, समर्पण, वलिदानबाट प्राप्त गरेको गणतन्त्रको एउटा महत्वपूर्ण उपलब्धि त्यो नेपाली जनताले अनुभूत गर्न पाए कि पाएनन् त्यो थाहा छैन । तपाईं हामी सबैले त्यो विषयवस्तुलाई हामीले मनन गर्न पाएका छौं कि छैनौं थाहा छैन ?

हाम्रा जीवन, हाम्रा जीवनका नयाँ अनुभूतिहरू सँगसँगै त्यो गणतन्त्र उदायो कि उदाएन हामीलाई थाहा छैन तर आज हामी नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल भनेर भन्ने एउटाको गौरबको एउटा स्थितिमा आइपुगेका छौं । यो सन्दर्भमा नेपाली राजनीतिले नयाँ मोडमा पुर्यासकेको छ । त्यसैले आज ति संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्नका लागि प्राउदसँग उत्सर्ग गर्नु हुने सम्पूर्ण मुक्ति आन्दोलन, त्यो भित्र महान जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, संघीयता र पहिचानका आन्दोलनहरू, अनि नेपाली राजनीतिका सम्पूर्ण मुक्तिगामी आन्दोलनका ति महान सहिदहरूलाई म सम्झन चाहन्छु र उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र आज नेपाली राजनीतिमा त्यो मात्र

होईन, त्यो वलिदानका निमित्त साथ दिँदै, वेपत्ता हुनुभएका ति महान योद्धाहरूलाई सम्मान गर्न  चाहन्छु । घाईते, अपाङ्गप्रति सम्मान गर्न चाहन्छु र नेपाली जनताले जुन त्याग र वलिदान समर्पणका साथ जे जति कुर्वानी गर्यो ती सबै प्रति, नेपाली जनता प्रति पनि सम्मान गर्न चाहन्छु । आज यो सँगसँगै त्यो गणतन्त्र प्राप्त गर्न अग्रमोर्चामा खटिनुभएका ती महानायकहरू प्रति पनि सम्मान गर्न  चाहन्छु र उहाँहरूलाई अझै अगाडि बढेर नेपाली जनताको नेतृत्व गर्नका निमित्त पनि म आग्रह गर्न गर्दछु । हामी कोभिड-१९ को एउटा जर्जर परिस्थितिमा छौं । विश्व कोभिड-१९ का कारणले सबै विश्वका सबै जनता आक्रान्त छन् । आज नेपालमा सबै जनताहरू एकपछि अर्को मर्ने अथवा एउटा मृत्युदर बढ्दै गएको छ । कोभिडको जो नयाँ भेरिएन्टको रूपमा आइराखेको छ, त्यसका कारण ज्यान गुमाउनु हुने, देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न  चाहन्छु र आज वेडमा छट्पटाईरहेका विरामी भएर अक्सिजन नपाईराखेका ती सम्पूर्ण विरामीहरूप्रति शीघ्र स्वाथ्य लाभको कामना गर्न चाहन्छु ।

सँगै बाढीपहिरो वर्षात शुरु भएसँगै बाढिपहिरोको एउटा प्रकोप बढ्ने क्रम अगाडि बढिसकेको छ । यो क्रममा हामीले बेलैमा विगत भन्दा अहिले, अहिले भन्दा भोलि, हामी एकपछि अर्को सचेत बन्नु पर्ने एउटा आवश्यकता बनेको छ । त्यसैले केही ठाउँहरूमा यो लगातार दुई-तीन दिनको वर्षाको कारणले गर्दाखेरी त्यहाँ कतिपय ठाउँहरूमा क्षति भइराखेको छ, त्यो क्षतिलाई सरकारले बेलैमा ध्यान दिएर, आगामी दिनमा थप क्षति हुन नदिनका निमित्त प्रयत्न गरोस् म त्यो आग्रह गर्न चाहन्छु । आज नेपालको राजनीतिक परिधिश्य नयाँ परिघटनाका साथ अगाडि बढेको देखिन्छ ।

त्यो राजनीतिक परिघटना यस्तो रूपमा पुगेको छ, एकातिर जनताको लोकतन्त्रको रूपमा आफूलाई हिमायती सम्झने सरकार पटक पटक लोकतन्त्रबाट प्राप्त भएको त्यो, संसद, जनताको वलिदानबाट भएको त्यो संसद, जनताले लडेर ल्याएको त्यो संसदलाई हुर्मतका साथ यसलाई  विघटन गर्छ, अनि त्यो संसदलाई पटक पटक एक पटक मात्र होईन अलिकति व्यूँतिन्छ, अलिकति औषधी उपचार गर्यो अनि त्यसपछाडि अलिकति व्युँतिन्छ, अनि फेरि त्यसपछाडि टाउकामा अर्को वज्रपात प्रहार गरिन्छ अनि त्यसको कारणले गर्दाखेरी त्यो संसद पटक पटक आक्रमण भएर मुर्छित हुन्छ, अहिले त्यो संसद

मुर्छित भएर बसेको छ । आज संघीय सरकार आफूलाई अध्यादेशबाट काम चलाउको सरकार छ, आफैले घोषणा गरेको अरु कसैले भन्दिएको पनि होईन, आफैले घोषणा गरेको छ काम चलाउ सरकार छ, काम चलाउ सरकार अध्यादेशबाट पूर्ण बजेट ल्याउने अधिकार कहिले पाएछ त्यो पनि थाहा छ, कुनै पनि कानुनमा पूर्ण बजेट ल्याउन पाउने कानुन छैन । आज त्यो सरकारले पूर्ण बजेट ल्याउँछ, पूर्ण बजेट ल्याउन पाउन पर्ने अधिकार पाएको सरकार पूर्ण बजेट ल्याउँछ यस्तो प्रकारको राजनीतिक घटनाक्रम अगाडि बढिराख्यो ।

गत पौष ५ गतेदेखि अहिलेसम्म आउँदाखेरी दुई—दुई पटक संसदमाथि घन ठोकिन्छ अनि नेपाली जनताले त्यो प्राप्त गरेको उपलव्धि, त्यो समय राजनीतिक उपलव्धिहरूलाई फालेर अनि आफू एउटा तानाशाह, वादशाह बन्ने जो प्रयत्न वर्तमान प्रधानमन्त्री जो नेपाली राजनीतिको आफूलाई लोकतन्त्रको हिमायती मानी राखिएको छ अनि वयलगाढा चढेर अमेरीका पुग्न सकिन्न भनेर त्यो गणतन्त्रलाई सराप्ने अनि फेरी त्यही गणतन्त्रको हूर्मत गरेर अनि त्यही प्रधानमन्त्री बननिराख्न कति वाह वाह ! कति चलाख मान्छे ? कति चलाख मान्छे ? आज नेपालको राजनीति सबै रद्दीको टोकरीमा फाल्दिएर नेपाली जनतालाई लोप्वा खुवाएर आज त्यो ठाउँमा प्रधानमन्त्री भएर बसिराख्नुभएको छ, कति लाज नलागेको ? अचम्म लाग्छ, जसले यो गणतन्त्रप्रति यो गणतन्त्र कहिल्यै आउँदैन, तपाईं १०० मा १०० प्रतिशत राखी सही छ यो वयलगाढा चढेर अमेरीका पुग्नु जस्तै हो भनेर भनिरहदाखेरी आज कति लाज नलागेको, अझै पनि त्यो कुर्ची कति चेप्याएर रहिराखेको, मलाई अचम्म लाग्छ । अनि आफूलाई लोकतन्त्रको हिमायती बन्ने, अनि आफू गणतन्त्रको सबैभन्दा प्रेमी बन्ने, अचम्म लाग्छ ।

त्यसैले अनि यो अचम्मै अचम्मको एउटा दृष्टान्तको बिचमा नेपालको राजनीति गुज्रिराखेको छ । यसैले म विनम्रका साथ आग्रह गर्न चाहन्छु, सभामुख मार्फत संघसरकारका वर्तमान प्रधानमन्त्रीज्यूलाई म अनुरोध गर्न चाहन्छु, । तपाई यो अनुरोध हाम्रो अनुरोधलाई तपाईले लत्याउनुहुन्छ भने कुनै पनि हालतमा तपाईंलाई एक मिनेट त्यो बस्ने अधिकार छैन । होइन यदि त्यो भएन भने जनताको त्यो अदालतले एउटा निर्णय गर्छ, मलाई अनुरोध, आशा र भरोसा छ । अनि नेपाली जनताले चाहेको त्यो

अधिकार हामी कुनै पनि हालतमा त्यो गुम्न दिने छैनौं । आज एउटा एउटा लेख एउटा पत्रिकामा डा. बाबुराम भट्टराईको छापिदाखेरी हिजो मुकुण्डो राष्ट्रवाद ओढेर हिँडेकाहरू आज सबैले त्यो दृष्टान्त त पाएकै होलान् ? कसैले कसैले हिजोका दिनमा भारतले विस्तारवादको वरिपरि घुमेका मान्छे भनेर भन्ने गर्दाखेरी आज आज तिनै रातारात सामन्त गोल्सहरूसँग साँठगाँठ गरेर सत्ता वचाइदेऊ भनेर तुम शरणम् गर्नेहरूले अब फेरी मुकुन्डो राष्ट्रवादको अरु कुनै बाँकी छ भ्रम ? अरु कुनै पार्टी छ?

त्यसैले मुकुन्डो राष्ट्रवाद हिजो महेन्द्रीय राष्ट्रवादको रूपमा जुन ढङ्गले उदाएको छ, त्यसको कुनै पनि हालतमा कुनै पनि ठाउँमा छुट छैन र त्यसको विरुद्धमा आम जनताले प्रतिवाद गरिराखेका छन्, सम्पूर्ण कानुन व्यवसायीहरूले प्रतिपाद गरिराखेका छन्, त्यसैले म राख्न चाहन्छु । अब अब लाज हो, लाज लागेर झिंगा भन्किदा पनि त्यो कुर्ची नछोड्नेहरूका लागि म अनुरोध गर्न चाहन्छु, अब नेपाली जनताले एउटा ठेगान लगाउने छन् म आशा गर्न चाहन्छु । आज यो नेपाल एशियाको पहिलो भ्रष्ट राष्ट्र बनिराखेको छ । त्यो एउटा समाचारमा एउटा मिडियाले अन्तर्राष्ट्रिया मिडियाले भन्ने गर्दाखेरी नेपाललाई पहिलो भ्रष्ट राष्ट्रको रूपमा यो तीन वर्षको बिचमा कति धेरै भ्रष्टचार भएछ भन्ने कुरा हामी अनुमान गरौं।

आज स्वास्थ्य सामग्री ल्याउनका निमित भ्रष्टाचार, एउटा जहाज खरिद गर्न लाग्दाखेरी त्यहाँ भ्रष्टाचार, अनि फोन रेकर्डसहित डायलग सुनाइएको छ, फोन रेकर्डसहित संवाद हरेक ठाउँमा सुनाइएको छ, ७० करोडको ती ७० करोडका ती मान्छेहरू अहिले मन्त्री हुनका निमित्त कुण्ठा भएर हिँडिरहेको छ, यस्तो स्थिति नेपालको भइरहेको छ अनि हामी अनि हामी यतिबेला हामी त्यो नेपाली जनताको प्रतिनिधि हुन पनि लाज हामीलाई लागिरहेको छ । त्यसैले यो अवस्थामा सरकारसँग म अनुरोध गर्न चाहन्छु, ती सभामुख मार्फत म संघीय सरकारसँग अनुरोध गर्न चाहन्छु, अरु केही चाहिएको छैन त्यो भ्रष्टाचारको लाजमर्दो स्थितिबाट नेपाललाई माथि उठाउ सक्छौ भने सक्दैनौं भने छोड कुर्ची हामी उठाउँछौं, हामीले भनेका छौं । त्यसैले म राख्न चाहन्छु ती आगामी दिनमा नेपाली जनताले कुनै पनि हालतमा त्यसको विरुद्धमा जाइ लाग्छ र म सभामुख मार्फत सरकार

अनि संघीय सरकारलाई म अनुरोध गर्न चाहन्छु । आज स्वास्थ्य केन्द्रहरूमा यति धेरै माफियातन्त्र भएको छ ।

आज यही गण्डकी हस्पिटल जुन गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल त्यो पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा एउटा अक्सिजन नपाएर, अक्सिजन नपाएर आज यो गण्डकी प्रदेशमा हामी पर्याप्त अक्सिजन छ भनेर मुख्य मन्त्रीज्यू लगायतका सरकारका प्रतिनिधिहरूले भाषण गर्दै हिँड्दाखेरी, त्यो सबै कुराहरू हेर्दाखेरी हामी सबै उपचारको व्यवस्था मिलाइसकेको छौं।

कोभिडको कुनै पनि मान्छे मर्ने छैन यहाँ, उपचार नपाएर, खान नपाएर मान्छे मर्ने छैन भनेर भन्दै गर्ने अनि अर्कोतिर फेरी विरामीहरू एकै रातमा ६-६ जना विरामी मर्ने, त्यो अस्पतालमा ६-६ जना अक्सिजन नपाएर त्यो पनि हाइफ्लो अक्सिन कसलाई दिनु पर्ने, अनि भिनिटमा अक्सिजन कसलाई दिनु पर्ने हो त्यो त सायद स्वास्थ्यकर्मीहरूले जान्नुभएको छ तर स्वास्थ्यकर्मीहरूलाई समेत आज त्यहींका वरिपरिका हिजोका जो राज्यबाट नियुक्त भएका प्रतिनिधिहरू, ती उहाँहरूकै वरिपरि त्यो अक्सिजन प्लान्ट छ, अनि उहाँहरूले त्यहाँबाट अड्कलेर सरकारी हस्पितलमा पठाइदिने अनि प्राईभेट हस्पिटलमा, धेरै आ-आफ्ना हस्पिटलहरूमा धेरै लगेर राखेर त्यही मार्फत माफियातन्त्रको एउटा राम्रो उदाहरण दिने, यस्तो खालको बनिराखेको छ।

त्यसैले म अनुरोध गर्न चाहन्छु, गण्डकी प्रदेश सरकारलाई म अनुरोध गर्न चाहन्छु, तपाईंहरूले अक्सिजन प्लाण्ट, हामीले कोभिडका विरुद्ध लड्नु पर्नेका निमित्त अक्सिजन प्लाण्ट बनाउनु पर्छ भनेर संसदमा हामीले पटक पटक यही संसदमा बोल्यौं हामीले । हामीले एउटा छुट्टै अधिवेशन, विशेष अधिवेशन माग गरेर कोभिडका विरुद्धमा कसरी अगाडि बढ्ने भनेर एउटा योजना बनाएर जाऔं भनेर भन्दै गर्दाखेरी आज त्यो विषयवस्तु नजरअन्दाज गरियो, त्यही नजरअन्दाज गरेकै आज धेरै मान्छेहरू मर्दैछन् ।

म आफैले अनुभव गरेको कुरा हो, एउटा संक्रमित रोग, संक्रामक रोग केन्द्र जुन हाम्रो लेखनाथको मोहोरियामा छ, त्यो ठाउँमा अहिले पनि अक्सिजन नभएर हाइफ्लोमा अक्सिन दिनु पर्ने विरामीहरूलाई, भेन्टिलेटरमा राख्नु पर्ने विरामीलाई त्यहाँ अक्सिजन दिन नसकेर राती बत्ती छैन, बत्ती नभएपछि अक्सिजन जाँदैन, एकघण्टा अक्सिजन त्यो विरामीले

नपाउँदा जहाँ केही हाइफ्लोमा अक्सिजन दिनु पर्ने विरामीलाई उसले एक घण्टा अक्सिजन नपाउँदाखेरी कस्तो हुन्छ होला ?त्यो छटपटाहट, एक पटक मन्त्रीज्यूहरूलाई एक पटक अनुरोध गर्न चाहन्छु, सरकारका प्रतिनिधिहरू त्यहाँ हेर्न गइदिनुस् मन्त्रीज्यू, एक घण्टासम्म अक्सिजन नपाएपछि विरामी बाँच्न सक्दै सक्दैन । आज त्यो गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत पश्चिमाञ्चल अस्पतालमा जुन ढङ्गले ती विरामी, सुत्केरीसहितको विरामी जहाँकी उहाँहरूलाई अक्सिजन लिन जानुहोस् हामीसँग यहाँ छैन भनेर सम्म पनि भनेर नभनिदिने, यस्तो खालको यो परिस्थितिहरू सिर्जना भएको छ, त्यस्तै हामीले ठिक ढङ्गले हल गर्न सक्छौ कि सक्दैनौं म अनुरोध गर्न चाहन्छु ।

आज संघ सरकारले हिजो मात्रै अध्यादेशमार्फत बजेट ल्यायो । आखिर ती बजेटलाई हेर्दाखेरी मैले के अनुभूत गरिराखेको छु भने, कुर्ची बचाउनका लागि, कुची रक्षा गर्नका लागि त्यो बजेट हेलमेट बनेको छ, सरकारको हेलमेट बनेको छ । आज कुर्ची देखि कुर्ची सम्मको बजेट, अनि सत्ता देखि सत्तासम्मको बजेटको रूपमा अध्यादेश मार्फत बजेट ल्याउनु पर्ने त्यो पनि पूरक बजेट ल्याउने हो कि अथवा पूर्ण बजेट ल्याउने हो को हो भन्दाखेरी त्यो सरकारलाई जुन ढङ्गले छोडियो वास्तवमा त्यो सबैभन्दा गलत थियो भन्ने कुराको यो अब आगामी दिनका घटनाक्रमले त्यो पुष्टि गर्दै जान्छ ।

आज हामी सडक जनमत कसरी प्राप्त गर्न सकिन्छ ?अनि जनमत प्रभावित पार्नका लागि वितरणमुखी बजेट ल्याइएको छ अनि विगत वर्ष ३२% बजेट विनियोजन गरिएको स्वास्थ्य क्षेत्रमा कति सुधार भयो त ? विनियोजन गरिएको एक तिहाई बजेट पनि खर्च हुन नसक्नु कस्को दोष हो ?गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको अस्पतालभित्र सघन उपचार कक्षमा पनि नियमित रूपमा हाइफ्लो अक्सिन दिने व्यवस्थापन गर्न नसक्नु कसको दोष हो ? कोरोना संक्रमितलाई उपचार गर्न उपचार कक्ष व्यवस्थापन गर्न नसक्नु कसको दोष हो ? आखिर कोरोना भ्याक्सिन समयमा ल्याउन नसक्नु, अक्सिजन प्लाण्टको व्यवस्था गर्न नसक्नु, जसको कारण ६-६ जना विरामी सुत्केरीसहितको ज्यान जाने घटना घटेको छ । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अनि स्वास्थ्य क्षेत्रमा सुधार खुल्न आयो, बजेट मात्र विनियोजन गरेर केही हुने होईन, गरी पुर्याउन पनि त पर्यो होला नि सरकार !

शिक्षामा यसरी नै बजेट विनियोजन गरेको छ । सहयोग दिने, रोजगारी दिने, मैले त यसलाई जो प्रधानमन्त्री स्वरोजगार कार्यक्रम भनिन्छ । मैले त यसलाई के भन्न चाहन्छु भने यो स्टेशन स्वरोजगारी हो । मान्छे दौडिएर जान्छ अनि बिचमा उसलाई रिल्याक्सका लागि रोजगारी दिए जस्तो, स्टेशन रोजगारी, यस्तो प्रकारको रोजगारी दिने एउटा क्रम बढेको छ । ऋणको भकारीले थिचिएर, बच्चाले बाजेको जीवन अर्पण गराइदिनु पर्ने, एकथरी व्यवसायीलाई राहतको नाममा कर छुट दिएर अर्कोलाई उठ्नै नसकि यो ऋण थिच्ने, चुनावी रणनीति बनाएर काम चलाउ सरकारले पेश गरेको बजेट सत्ता देखि सत्तासम्म र कुर्ची देखि कुर्चीसम्ममा सीमित छ ।

आज राजनीतिक हिसावले त्यो केन्द्रको, त्यो संघको राजनीतिक घटनाक्रम यो गण्डकी प्रदेशमा पनि परिराखेको छ । एकातिर प्रतिगामी शक्तिलाई काँधमा बोकेर दुर्गन्धित हुँदै हिंडिराखेको अनि अर्कोतिर फेरी त्यसको विरुद्धमा जनताको हिजो जनताले वलिदान गरेर प्राप्त गरेको उपलव्धिहरूको रक्षा गर्नका निम्ति अर्को एउटा नयाँ शक्ति वैकल्पिकबाट राजनीतिक शक्ति पनि अगाडि बढिराखेको छ । त्यसैले यो वैकल्पिक राजनीतिक शक्तिले एकदिन त्यो गणतन्त्रको त्यो राजनीति उपलव्धिको निम्ति यसरी जाई लाग्छ, कि कहिल्यै टाउको उठाउन नसक्ने गरेर जाई लाग्नु पर्ने एउटा परिस्थिति सिर्जना भयो ।

यसैले हामी अनुरोध गर्न चाहन्छौ, सरकार, यदि नैतिकता छ भने यो राजनीतिक उपलव्धिलाई खान होइन यो राजनीतिक उपलव्धिलाई बचाउनतिर लाग्नुहोला अनि तपाईंहरूको पनि भविष्य छ । म अनुरोध गर्न चाहन्छु, भविष्य कहाँ छ ? खोजौं एकपटक त्यो भविष्य हिजो हामीलाई मात्रसवादको चोली पलाउँदै गर्दा सूचना प्रशिक्षण दिँदै गर्दा हाम्रा नेताहरूले हामीलाई भन्ने गर्नुहुन्थ्यो, त्यो रातो क्षितिजमा एउटा सूर्य छ त्यो सूर्यमा हाम्रो भविष्य छ भनि प्रशिक्षण दिने गर्नेहरू त्यो दूर दृष्टिको क्षितिज सूर्यमा हाम्रो भविष्य कहाँ छ ? अहिलेसम्म कसैले देखाइदिन सकेको छ ? अनि त्यसपछाडि फेरी हामीले हामी सबैभन्दा शक्तिका सबैभन्दा ठूलो शक्तिका एउटा पहरेदार भन्दै हिंड्ने यो शक्ति वास्तवमा कुरालाई अल्किति ख्याल गरेर राजनीतिक रूपमा अगाडि बढ्न म सरकारसँग आग्रह गर्न चाहन्छु ।

आज गण्डकी प्रदेशमा ईन्ट्रिजेटको प्रभावकारिता कति छ थाहा छैन, तर ईन्ट्रिजेटको करिष्ट अलिकति राहत मिलेको जस्तो भनुभूति भए जस्तो भयो देश । गोरखा जिल्लाको वारपाकमा यति धेरै ठूलो समुदाय स्तरमा अहिले नै यति खतरा बढ्यो सायद गण्डकी प्रदेश सरकारसँग सबैले पालिकाको अध्यक्ष लगायत सबै हामी सांसदहरू, सम्बन्धित जिल्लाका सांसदहरू, मन्त्रीज्यूहरू लगायत सबैले एउटा पहलमा त्यहाँ पुग्यो र त्यसको त्योबाट ईन्ट्रिजेन्ट मार्फत अथवा पि.सि.आर. परीक्षा विधिबाट, भित्रैबाट अहिले रिपोर्ट कलेक्सन गर्ने काम भनिराखेको छ त्योबाट केही त्यहाँको जनताले राहत महसुस गरिराखेका छन् । अन्यथा, अन्यत्र कहीँ पनि, कुनै पनि ठाउँमा आज अस्पताल छ कि छैन भनेर खोज्नुपर्ने परिस्थिति, अनि अस्पतालमा सघन कक्षा छ कि छैन भनेर खोज्नु पर्ने परिस्थिति, अनि यो स्थिति आज गण्डकी प्रदेश सरकारले अक्सिजन प्लाण्ट, हामी १ वर्ष अगाडि देखि किनेर लगेर राखिएको गोरखामा अस्तिमात्र मन्त्रीज्यूले गएर उद्घाटन गरेर आउनुभयो । हामी जतिबेला पर्छ त्यतिबेला उद्घाटन गर्ने, जतिबेला पर्छ त्यतिबेला शिलान्यास गर्ने, आज हामी एउटा रोगको  अस्पतालको संक्रामक रोग केन्द्र जो हाम्रो त्यहाँ छ, बल्ल हामी एउटा भवन बनाउने तयारी गर्दैछौं। भवन बनाउने हतार हतारमा केन्द्रीयज्यूले शिलान्यास गरेर आउनुभयो।

यसो हेर्दाखेरी रोजर त सकारात्मक कुरा परतु बेला वितेपछ्राडिको, भोलिलाई त होला तर हामी त्यसको सुरुवातको ४ महिनामा सरकारले आफ्नो योजनालाई कार्यान्वयन गर्नका निमित्त हामी प्रक्रिया अगाडि बढाइसक्छौ, कानुनी हिसावले, कार्यविधिका हिसावले सबै प्रकृया अगाडि बढाइसक्छौ, अब आउने वर्ष त्यस्तो कहिल्यै हुने छैन जहाँ कि योजना कार्यान्वयन भएको नहोस् भन्दै गर्दा बल्ल अस्तिमात्र आएर उद्घाटन हुनु सबभन्दा दुःखद । जहाँ कि त्यो महत्वपूर्ण एउटा स्वास्थ्य केन्द्र पनि हो । प्रदेशले अहिले आफ्नो लागि भनेर स्थापना गरेको त्यो एउटा मात्रै हस्पिटल, त्यो संक्रामक रोग केन्द्र जुन यो एरियामा संचालन गरिएको छ, त्यो हस्पिटल भन्दा बाहेक कुन छ ? यसैले म अनुरोध गर्न चाहन्छु, सरकारसँग,

बजेटका निमित्त तपाईंले बाटो बनाउनु पर्दैन, जनताको स्वास्थ्य सुरक्षा ठूलो कुरा हो, जनताको जीउधनको सरक्षाको कुरा ठूलो कुरा हो, त्यसैले पहिलो प्राथमिकता त्यसलाई

दिनुस् अनि त्यसपछाडि मात्रै अरु कुरातिर हामी अगाडि बढौं । तर मुल कुरा के हो भने स्वास्थ्य सबैभन्दा ठूलो कुरा हो । म अनुरोध गर्न चाहन्छु, माननीय सभामुख सरकारसँग अनुरोध गर्न चाहन्छु,

हामी समुदायस्तरमा फैलिएको स्थानको पहिचान कति गर्न सक्ने, त्यो ठाउँमा तत्काल स्वास्थ्य जनशक्ति कति पु¥याउन सक्ने ? हामी तत्काल आवश्यक पर्ने स्वास्थ्य जनशक्ति राख्नका निमित्त सरकारले कति वातावरण तयार गर्न सक्ने यो कुरातिर हामीले फर्केर हेरेका छौ ? आज एकजना कर्मचारी भर्ति गर्न परे, एकजना स्वास्थ्यकर्मी भर्ती गर्नु पर्यो भने सरकारले यति धेरै ठूलो पसिना निकालेको छ, तपाईंले कुन विधिबाट आज बजेट ल्याउनका निमित्त अध्यादेशमा पुग्ने, मन्त्री र प्रधानमन्त्री अथवा मुख्यमन्त्री देखि लिए नियुक्ति गर्दै जाने अनि आज आएर तपाईंले स्वास्थ्य सम्बन्धी जनशक्ति लिएर जानका निमित्त, त्यो ठाउँमा स्वास्थ्य जनशक्ति भर्ती गर्नको निमित्त तपाईंहरूलाई कुनै कानुन चाहियो ? जनताको स्वास्थ्यमा कानुन चाहियो, आफ्नो पद प्रतिष्ठाको निम्ति कानुन चाहिएन ? यस्तो प्रकारको कुनै शासन प्रणालीभित्र जनताले तपाईंहरूलाई कसरी ठिक मान्छन् ?

त्यसैले म अनुरोध गर्न चाहन्छु, कि आज हामीले ती छट्पटाइरहेका विरामीहरूलाई हामी कसरी उपचार दिन सक्छौ ? हामी ११ वटै जिल्लाका सबै जनताहरू आज मध्यविन्दु अस्पतालदेखि लिएर हामी म्याग्दीको अस्पतालसम्म अथवा मुस्ताङ, मनाङसम्म मैले यसो हेर्छु, सबै ठाउँमा अक्सिजनका सबै सिलिण्डर बोक्ने क्रम कसले, कति पहुँचका आधारमा त्यो अक्सिजन सिलिण्डर बोक्ने ? आज मन्त्रीहरू आफै आफ्नो स्टिकर टाँसेर अक्सिजन सिलिण्डर बोकेर हिंड्ने भए । मन्त्रीहरू आफै गाडीमा चढेर अक्सिजनका सिलिण्डर धमाधम पठाउने भए । अनि त्यो कर्मचारी किन चाहियो ? त्यो सचिवालय किन चाहियो ? अनि त्यहाँभित्रको त्यो हस्पिटल किन चाहियो ? आज मन्त्रीहरू नै डाक्टर हुने भए, मन्त्रीहरू नै त्यो ठाउँमा सरकारका प्रतिनिधिहरू नै आफै त्यो ठाउँमा स्वास्थ्यकर्मी जस्तो हुने भए डाक्टर किन चाहियो ?

त्यसैले म अनुरोध गर्न चाहन्छु, मन्त्रीहरूले सरकार चलाउने होला, विधि बनाउने होला, प्रक्रिया दिने होला, कानुन दिने होला तर सिलिण्डर बोक्ने त होइन होला नि त, यो भन्दा

लाजमर्दो परिस्थिति नेपालका लागि हो । यसैले, यही कारणले गर्दाखेरी यो नेपाल आज एशियाको पहिलो भ्रष्ट मुलुक बनेको छ ।

त्यसैले म अनुरोध गर्न चाहन्छु, यो नेपाल भ्रष्ट मुलुक होइन । यो नेपाललाई हिजो पूर्खाले बनाएको एउटा शान र गौरवको देश बनाउनका निमित्त सबै सबै अग्रगामी शक्तिहरु एकजुट हौउँ, म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, अब म मानिनीय श्री पियारी थापालाई बोल्न समय दिन्छु।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी गण्डकी प्रदेशको आठौं अधिवेशनमा जुटिरहेका छौं र आफ्ना भनाईहरू राख्नका निमित्त यो समय प्रदान गर्नुभएकोमा सभामुख प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरा आफ्ना भनाईहरू राख्ने अनुमति चाहन्छु।

सर्वप्रथम त यो आठौं अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। जसरी यो आठौं अधिवेशनले, जसरी अहिले विकृत रूपमा जुन बाटो बिराएर यो परिदृश्य विकृत बाटोमा हिंडिरहेको अवस्था छ, त्यो विकृति बाटोलाई संट्र्याकमा ल्याउनका निमित्त यो अधिवेशन सफल सावित हुनेछ भन्नेमा मैले पूर्ण आशा लिएको छु र यसै अनुरोध जानेछ भन्ने पनि विश्वास लिएको छु । वास्तवमा भन्ने हो भने, सर्वप्रथम त मैले कोरोना महामारीको चपेटाबाट ज्यान गुमाउनु भएका सम्पूर्ण जनहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै र जति पनि यो कोरोना भाइरसबाट दोस्रो लहरबाट पीडित हुनुभएको छ, कोराना भाइरसबाट संक्रमित हुनुभएको छ, उहाँहरूको पूर्ण स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु ।

उहाँहरूलाई सरकारले गण्डकी प्रदेशभित्र जति पनि कोरोनाबाट पीडित हुनु परिरहेको छ, कोरोनाको वितण्डा भोगिरहनु भएको छ, उहाँहरूको स्वास्थ्यका लागि, उहाँहरूको स्वास्थ्यको उपचारका निमित्त, उहाँहरूको स्वास्थ्यको सुधार गर्नको निमित्त, उपचार गर्नका निमित्त गण्डकी सरकारले विशेष ध्यान दियोस् भन्ने अनुरोध पनि गर्न चाहन्छु । देशले राजनैतिक विकृतिको माहामारी भोक्दै आइरहेको छ । वास्तवमा भन्ने

हो भने देश अहिले महासंकटको भूमरीमा रुमलिएको छ । यही मानेमाथि एकातिर राजनैतिक परिदृश्य हेर्ने हो भने अत्यन्तै विकृत रूपमा राजनैतिक परिदृश्यमा हिँडिरहेको छ भने अर्को तर्फ यही राजनीतिक परिवेसको आडमा जुन प्रकारका यो असंवैधानिकपूर्वाधारहरू गर्ने, जुन अराष्ट्रियता प्रकारका राष्ट्रियता खलबलाउने कृयाकलाप अगाडि बढाउने, यो पक्कै पनि जनताको भावना अनुरूप छैन, जनताले दिएको त्यो म्यान्डेट अनुरूप छैन त्यसकारणले गर्दा पनि त्यो अहिलेको परिवेशमा अति नै महासंकष्टको भूमरीमा रुमलिएको छ ।

यसलाई रुमल्याउनका निमित्त पनि को, कति भागिदार छ ? हामीले प्रष्ट रूपमा बुझिरहेका छौं । देशलाई एकातिर महासंकष्टको भूमरीमा रुमल्ने, अर्कोतिर त्यही महासंकष्टभित्र रुमल्ने, अर्को तर्फ कोभिडको वितण्डाबाट प्रताडित हुनु परेका आम जनताहरूको स्वास्थ्य उपचारमा सरकार निरीह बन्दै जाने, यो परिदृश्यले के जनताको मतको सही सदुपयोग भयो ? जनताको मतको सही सदुपयोग भयो कि भएन ? त्यो प्रश्न गर्ने र त्यसलाई जनताको मतको सही कदर गर्नका निमित्त आवाज उठाउने, दवाव दिने त्यो जन प्रतिनिधिमूलक संसदलाई पटक पटक गरेर घाँटी निमोठ्ने, यो प्रकारको खेल कहिलेसम्म चल्ने ? यो प्रकार खेललाई फेरी हामीले सही छ, सही हो भन्दै हामी ताली बजाउँदै हिँड्नु पर्ने ?

यो वितण्डाले के वास्तवमा यो राष्ट्रियताको पक्षमा, यो जनताको पक्षमा, यो जनताको जनजीविकाको पक्षमा, यो सरकारले काम गर्न सकेको छ ? त्यसकारणले वास्तवमा भन्ने हो भने सरकारले जनताहरूको पक्षमा काम गर्न सकेको छैन । यो राष्ट्रिय अखण्डताको निमित्त, राष्ट्रिय स्वाधिनता बचाउनका निमित्त, यो सरकारले सही कदम चाल्न सकिरहेको छैन । त्यसकारणले गर्दाखेरी हामीले त्यसकारण हामीले पटक पटक अनुरोध गर्ने गरिरहेका थियौं, त्यो खालको कदमलाई सही ट्र्याकमा ल्याउनका निमित्त, त्यो खालको गतिविधि अगाडि ल्याउनका निमित्त हामीले बारम्वार आवाज उठाइरहेका थियौं, तर त्यसलाई मानिएन, परिणामस्वरूप अहिले हेर्दा फेरी पौष ५ गते कै घटना अस्ति भर्खर दोहोरियो । यसले वास्तवमा भन्ने हो भने, यसले पटक पटक जनताको जनप्रतिनिधित्व

गर्ने संसदलाई पटक पटक हत्या गरेर अध्यादेशबाट देश चलाउन खोज्ने यो निरंकुशताको पराकाष्ठ बाहेक अरु केही हुन सक्दैन ।

त्यसकारणले गर्दाखेरी यो खालको निरंकुश र यो खालको स्वेच्छाचारी कदमले पक्कै पनि जनताको जनजीविकालाई उकालो लगाउन र यो समृद्धिको नारा त ठूलो कुरा हो, पर को कुरा हो, विकासको नारा त परको कुरा हो, जनजीविको कुरालाई पनि कुनै पनि हालतमा यस संवोधन गर्न सक्दैन । यही विषयमा हामीले आवाज उठाइरहेका छौं । देशले, यो वास्तवमा भन्ने हो भने ताजा जनादेशको नाममा जुन जनताले आदेश दिएको थियो ५ वर्षका लागि काम गर्दियोस्, ५ वर्षको लागि हामीलाई त्यो खालको विकास निर्माणको कामहरूमा हाम्रो समृद्धिको काममा काम गर्नुहोस् भने जुन प्रकारको म्याण्डेट दिएको थियो त्यो म्याण्डेट कुल्चने फेरी ताजा जनादेशको नाम दिएर एक प्रकारले आफ्ना शक्तिहरू जोगाउने आफ्नो सत्ता जोगाउने त्यो खालको भावना अहिलेको वर्तमान प्रधानमन्त्री के.पी. ओलीको कदम अत्यन्तै असंवैधानिक छ, अलोकतान्त्रिक छ र यो जनताको जनभावना विपरित छ यो विषयमा पनि विशेष हामीले त्यो तर्फबाट प्रनि विशेष हामीले विशेष ध्यान दिनु पर्नेछ ।

यस कदमले जुन प्रतिगामी तत्वहरू छ, प्रतिगामी तत्व अहिले सल्वलाइरहेको छ, राजारानीहरू जुन किसिमले सल्वलाई रहेका छन् । उनीहरूको मनसुवालई सहीसामीक गराउनका निम्ति पनि उद्दत वर्तमान प्रधानमन्त्री जुन पुष ५ र त्यसपछिको जुन हर्कत छन् । त्यो कदापि जनपक्षिय र जनभावना अनुरूप कोर्न सक्ने खालका होइन, राज्य सुझबुझका आधारमा चलाउने हो, साथ-समर्थको भरमा होइन । त्यसरकाण राष्ट्रिय जनमोर्चाले ओलीको सो कदमको विरोध गर्यो, सच्चिन पटक पटक आएर गयो तर परिणाम उल्टो निस्केको छ । विगत ३ वर्षमा वैदेशिक ऋणको उचाई अत्याधिक रूपमा बढेको तथ्यहरू छ, तथ्यहरू सार्वजनिक भइरहेका छन् । वैदेशिक ऋण उच्च रूपमा वृद्धि भइरहेको छ, सो को तुलनात्मक पूँजीगत खर्च हेर्ने हो अत्यन्तै निराशजनक स्थितिमा रहेको छ । ऋण खोजी खोजी संरचना जोगाउने, सुविधा वृद्धि गर्ने, जनतालाई ऋणको भारी बोकाएर सयन गर्ने, संघीयताको औचित्य समाप्त भएको छैन र ?

महोदय, यतातिर सोच्ने कि नसोच्ने ? मेरो अनुरोध छ, ऋण खोजि खोजि भन्नुको मतलव प्रदेश संरचना खारेज गरौं, स्थानीय तहलाई बलियो बनाऔं । सत्ता जोगाउनका निमित्त नागरिकता जस्तो अत्यन्तै संवेदनशील विषयलाई, राष्ट्रियतासँग जोडिएको विषयलाई त्यो विधेयकलाई अध्यादेशबाट अहिले ल्याइएको छ । त्यो विधेयक जो नेपालको राष्ट्रियतासँग जोडिएको छ, त्यो विषयलाई अध्यादेशबाट ल्याउनु कत्तिको राम्रो पक्ष हो? हामीले मनन गर्ने कि नगर्ने ? वास्तवमा भन्ने हो भने अहिलेको विधेयक जुन नागरिकता अध्यादेशबाट नागरिकता विधेयक ल्याइएको सत्तासँग सौदावजी गरेर जुन प्रकारको नागरिकता विधेयक अध्यादेशबाट ल्याइएको छ यसको हाम्रो पार्टीले घोर विरोध गर्दछ ।

यसलाई तत्काल फिर्ता गर्नका निमित्त मैले यहाँको सदन मार्फत संघको सरकारलाई आग्रह गर्दछु । जन्मको आधारमा वंशजको आधारमा नागरिकता दिने र महिलाले स्वघोषित आधारमा महिलाको नामबाट नागरिकता प्रदान गर्ने, हो समस्या छ महिलाको आधारमा नागरिकत अहिले पनि ठूलो समस्या छ, महिलाहरूको नामबाट नागरिकता प्रदान गर्ने हो समस्या छ ।

अहिले पनि महिलाको नाममा नागरिकता दिने ठूलो समस्या छ, तर यो विषयलाई त्यति ठूलो चासो नदिएर अर्थात यस विषयलाई त्यति धेरै चासो नदिएर यो विषयलाई विधेयकमा यसलाई स्पेसिफिक रूपमा राख्न सकिन्थ्यो यो विषयलाई महिलाहरूले अहिले खाडी मुलुकबाट अनैच्छिक रूपमा गर्भधान गरेर आउनुभएको छ, यसमा पनि बावुको पहिचान हुन नसकेको अवस्था छ, त्यसलाई एउटा तर्फबाट हामीले संवोधन गर्न सक्थ्यौ, यो समग्र विधेयकमा नै समग्र कानुनमा नै एउटा प्वाल पारेर ल्याइयो भने यसले कसको वकालत गरिरहेको छ ? त्यसकारणले गर्दा खेरी यो सरासर नेपाल राष्ट्रहित विपरित छ, त्यसकारले गर्दा खेरी यो विधेयक फिर्ता लिनुपर्छ भनी मैले माग गर्न चाहन्छु । अहिलेको प्रदेश सरकार अल्पमतको सरकार हो । यो सरकारले संसदको विश्वास प्राप्त गर्न सकेको छैन । त्यसकारण सिद्धान्त, प्राथमिकता, नीति कार्यक्रम बजेटहरूमा वहस गर्नु निरर्थक छ, सबैभन्दा पहिले विश्वासको मत लिनु पर्छ, किनभने सबैभन्दा पहिला यो सरकार अल्पमतको सरकार होइन, वहुमतको सरकार हो भन्ने सिद्ध गर्नु पर्छ, । त्यस मानेमा पनि

यो सरकार वाह होस् भन्ने मैले अनुरोध गर्न चाहन्छु । कोरोना दोस्रो हो भने जुन प्रदेशवासी आकुल—व्याकुल भइरहेको परिस्थिति छ ।

प्रदेशको ठूलो अस्पतालमा अक्सिजन अभावका कारण, जसले मृत्युवरण गर्न वाध्य हुनुप¥यो, के यसमा सरकारको दोष छैन ? हामीले पटक पटक महामारीमा सरकार केन्द्रित होस् भन्ने ध्यानाकर्षण गरायौं । सरकार चलाउन डाडु-पन्यु लिएर बसेको, सरकारले सम्पूर्ण शक्ति महामारीमा केन्द्रित गर्ने कि, सत्ता लुकाउन अनावश्यक मन्त्रालय खडा गर्ने, थप आर्थिक व्ययभारको सिर्जना गर्ने ? गफ मात्रै गरेर हुन्छ ? अक्सिजन अभावको कारण परीक्षण थमाउन नभएको कारण, अक्सिजन नपाएर मृत्युवरण गरेको त्यो खालको सबै दोष सरकारको कारण नै हो भन्न पाउने कि नपाउने ? हामीलाई जवाफ चाहिन्छ । सत्ता जोगाउन अनेकन तिक्डम लगाउने, त्यो तिक्डम जनता बचाउने काममा किन नलगाएको भन्न पाउने थलो हो संसदलाई । मेरो सत्ता बचे ठिकै छ नत्र विघटन गर्छौं भन्ने जस्ता धम्किपूर्ण आशय, त्यो खालको आशय दिने खालको छुट छ होला र ?

माननीय सभामुख महोदय, हामीले संयुक्त रूपमा सार्वजनिक महत्वको प्रस्ताव एक मात्र एक मनका साथ पारित गरेका थियौं र त्यसको प्रभावकारी कार्यापन्वयन आखिर किन गर्न सकेन ? यसको जवाफ चाहिन्छ । यो समय जनताहरूलाई बचाउने, जनताहरुलाई यो रोगव्याधीबाट, जनताहरुलाई यो आक्रान्त बढेको उत्पीडनबाट यो खालको उत्पीडन भइरहेको छ, उत्पीडनबाट जोगाउनका लागि सरकारले काम गर्नु पर्ने बेला हो । यो चुनावको बेला होइन, चुनावको लागि खर्चले, यो पैसाले जनता जोगाऔं पहिला । जनतालाई जोगायौं भने पक्कै पनि हामीले आगामी चुनावमा वहुमतका साथ, वहुमत मात्र होइन, दुई तिहाइका साथ आज उहाँ संसदमा प्रतिनिधित्व गर्न सक्ने वातावरण बन्छ त्यसकारले गर्दाखेरी जनता जोगाउने पक्षमा सरकार वहुमत होस् भन्दै आफ्नो भनाइ राख्दै आफ्नो भनाई अन्त्य गर्ने चाहन्छु । धन्यवाद।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, अब म माननीय श्री हरि बहादुर चुमानलाई बोल्ने समय दिन्छु ।

## माननीय श्री हरि बहादुर चुमान

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यो आठौं अधिवेशन आजबाट शुरु भएको छ । हिजोको दिन मात्रै हामीले चौधौं संघीय लोकतान्त्रिक गणतन्त्र दिवस मनायौं । त्यसको उपलक्ष्यमा सबै गणतन्त्रप्रेमीहरू त्यसका पक्षधरहरु, गणतन्त्रको निम्ति रगत, आँसु, पसिना बगाउने ती आम जनसमुदायहरुप्रति हामीले शुभकामना व्यक्त गर्यौं र एकै दिन ढिलो भए पनि म आज यस रोष्टमबाट गणतन्त्र स्थापनाको निम्ति, अर्थात संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको निम्ति आफूलाई आफ्नो जीवन उत्सर्ग गर्नु हुने ती महान वीर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । वेपत्ता योद्धाहरु, घाईते, अपाङ्ग योद्धाहरु सबैप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । आफ्नो आँसु र पसिना बगाउनु हुने ती आम जनसमुदायप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । त्यसैले यतिबेला कोभिड-१९ को विश्व महामाहारीबाट विश्व नै आक्रान्त छ। नेपाल पनि यो दोश्रो वेभ, अहिले त तेश्रो वेभको पनि कुरा सुनिन थालेको छ, यसबाट देश पूर्ण रुपमा आक्रान्त छ र यतिबेला हामीले होनाहार युवाहरु गुमाइराखेका छौं । यहाँ पूर्ववक्ता माननीयज्यूहरुले धेरै विषय यस विषयमा राखिसक्नुभएको छ, घटनाक्रमहरू पनि राखिसक्नुभएको छ ।

म ति केलाउनतिर गईन र यो कोभिड-१९ को महामारीबाट जीवन गुमाउन पुग्नुभएका ती आम बुवा-आमा, दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । संक्रमित भएर उपचाररत रहनु हुने ती सबै संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यस सन्दर्भमा शुरुमै प्रदेश सरकार, संघ सरकारलाई के आग्रह गर्न चाहन्छु भने यतिबेला यो महामारीबाट मुक्त हुने एक मात्र विश्वसनीय उपाय भनेको भ्याक्सिन नै हो । छिटो भन्दा छिटो त्यो भ्याक्सिनको व्यवस्थापन गरेर ३ करोड भन्दा बढी नेपाली दाजुभाइको जीवन रक्षाको सुनिश्चितता गर्नको निम्त्ति अगाडि बढोस् म यो आग्रह गर्न चाहन्छु र साथसाथै यो कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार सन्दर्भमा हामीले संकल्प प्रस्ताव लगायत विभिन्न बेलामा यस बारेमा आवाजहरू उठाएकै छौं ।

त्यो जुन तिब्रतामा त्यसको व्यवस्थापन हुनु पर्थ्यो त्यो भइराखेको देखिन्न। घटनाक्रमहरु कतिसम्म आए भन्दाखेरि सामान त विदेशबाट ल्याउनै पर्यो, भ्याक्सिन ल्याउनु पर्यो, अन्य उपचार सामग्री ल्याउनु पर्यो। हाम्रो देशमा उत्पादित हुन नसक्ने कुराहरु त बाहिरबाटै ल्याउनु पर्यो, तर सरकारले ल्याउन लागेको सामान जहाजमा चढाइसकेको, सरकारले ल्याउन लागेको सामान ओरालेर, व्यापारीको सामान लोड हुने त्यो व्यापारीको सामान काठमाडौं नबिक्दासम्म सरकारी सामान आउन नसक्ने यो कुरा बाहिर आइराखेको छ । तथ्यपरक ढङ्गले प्रमाणसहित प्रस्तुत भइरहेका छन् ।

यो एउटा विडम्वना सुन्नुपरिराखेको छ । त्यसकारण त्यस्तो स्थिति नहोस् । यसको निम्ति हामी सबै आ-आफ्नो ठाउँबाट पहल गरौं । यसको अगुवाई सरकारले गर्नु पर्छ, यो स्वाभाविकै हो। यस्तो स्थिति नहोस् भन्दै म यो आग्रह पनि सँगसँगै गर्न चाहन्छु र यति राखेर म यो आठौं अधिवेशनतिर फर्कन चाहन्छ । अब सामान्य अवस्थामा त यो बजेट अधिवेशन हो । हामी वर्षे अधिवेशन भन्छौं तर यो बजेट अधिवेशन हो । तर अहिले स्थिति सामान्य छैन, पहिलो कुरा त कोभिड-१९ को यो विश्व महामारीबाट अक्रान्त अवस्थामा छ। यस बारेमा मैले चर्चा गरिसकेकोले मैले चर्चा थप गर्न चाहिन र अर्को राष्ट्रिय राजनीतिक संकटको बारेमा म यति मात्र भन्न चाहें अहिले कि यो राष्ट्रिय राजनीतिक संकट करिव ७२ वर्षको नेपाली दाजुभाइ, दिदीबहिनीहरुको अर्थात हाम्रा अग्रजहरुको रगत, पसिनाको मूल्यमा आर्जित संघीय लोकतान्त्रिक गणतन्त्र, त्यसलाई निर्देशित गर्ने यो संविधानसँग लोकतान्त्रिक गणतन्त्रको संविधान, यो संविधानको हुर्मत लिने कामबाट यो राष्ट्रिय राजनीतिक संकट पैदा भएको छ ।

यसरी दुईटा असामान्य स्थितिका बिच हामीले यो आठौं अधिवेशन गर्न गइराखेका छौं । यस सन्दर्भमा चर्चा पछि गर्ने गरी अहिलेलाई भने ति मात्र भन्न चाहें अहिले, यसै सन्दर्भमा पछि चर्चा गर्नेछु । यो अधिवेशनले अहिलेको बजेट निर्माणमा सार्थकता प्राप्त गरोस्। र अर्को कुरा यो अधिवेशन बजेट असामान्य स्थितिमा प्रदेश सभा बाँच्ने हो कि मारिने हो ? यस्तो स्थितिमा स्थितिमा प्रदेश सभा बाँच्ने हो कि मारिने हो त्यसकै स्थितिमा यो हामी संचालन गरिरहेका छौं । म अपेक्षा गर्न चाहन्छु, कि यो अधिवेशनले यो गण्डकी प्रदेश सभालाई अकाल मृत्युवरण गर्ने स्थितिमा नपु¥योस् । यसको अवधिभर यो जीवित

रहोस्, यही दुईटा कुरा एकत यसले सार्थक बजेट निर्माण गर्न सकोस्, अर्को कुरा यो प्रदेश सभालाई यसको जीवन, यसको अवधिभर कायम राख्न यो अधिवेशन सफल होस् भन्दै मैले यो शुभकामना टऱ्याएर अरु विषयमा अगाडि बढ्न चाहैं ।

मैले अवसर पाएको थिइँन । यो भन्दा अगाडि अविश्वासको प्रस्ताव पेश भइरहँदा, बोल्ने अवसर पाइएला र केही आफ्नो राखुँला भन्दै थिए तर त्यो अविश्वासको प्रस्ताव छल्ने काम भयो र बोल्न पाइएन । तर केही कुराहरु, मेरा अनुभूतिहरु राख्ने रहर त्यतिकै रहेको थियो र आज म थोरै कुरा राख्न चाहन्छु । गण्डकी प्रदेश सरकारको निर्माण तथा गण्डकी प्रदेशको स्थापना २०७४ फागुन ४ गते भयो । त्यही दिनमा म आफूले पनि हाम्रो पार्टी यतिबेलाको नेकपा माओवादीको तर्फबाट मन्त्रीको जिम्मेवारी लिने अवसर प्राप्त भयो । गण्डकी प्रदेश सरकारको जिम्मेवारी लिएर म सरकारमा करिव करिव सवा तीन वर्ष भन्नु पर्छ म कायम रहैं । त्यो शिलशीलामा हामीले गण्डकी प्रदेश सरकारले म अहिले पनि भन्न चाहन्छु, कि करिव साढे २ वर्ष गण्डकी प्रदेश सरकारले ठिकै ढंगले अगाडि बढेको हो ।

योजनावद्ध रुपले दूरदर्शिताकै आधारमा यो सरकार अगाडि बढेको हो । अव त्यहाँ हामीले अहोरात्र अव खटेका हौं । त्यसको निम्ति म गर्व नै गर्न चाहन्छु। गण्डकी प्रदेश सरकारलाई करिव करिव साँढे २ वर्षको अवधिको निम्ति हार्दिक धन्यवाद दिन चाहन्छु । म मुख्यमन्त्रीलाई पनि यसको टिमको नेतृत्व गर्नुभएकोले उहाँलाई पनि म धन्यवाद दिन चाहन्छु । त्यो सिलसिलामा हामीले संघीयता सृदृढ गर्नका निम्ति निकै संघर्ष गर्यौ । तपाईं हामी सबै अभियुक्त भोगी छौं तर, हामीले जुन रुपमा संघर्ष गर्दै गयौं त्यस्तो त भएन । हामी संघीयता सुदृढ गर्नको निम्ति कानुन निर्माणका प्रश्नहरुमा पनि हामीले औंलो ठड्यायौं ।

कानुन निर्माण प्रदेशको आफ्नो अधिकार, आफ्नो अनुसूची, अनुसुची-६ मा उल्लेखित अधिकारसँग संघ सरकारले निर्णय गऱ्यो, संविधानले दिएको अधिकार निर्णय गऱ्यो भनेर हामीले अन्य राजनीतिक अधिकार देखि लिएर अन्य वित्तिय अधिकारसम्म पनि संघीय सरकारले अधिकार गर्यो, मचियो भनेर यही रुपले हामीले संघर्ष गर्दै गयौं तर, पछिल्लो चलणमा त यहाँ मुख्यमन्त्रीज्यू हुनुभएन, मुख्यमन्त्रीज्यू टिमकै नेतृत्व गरिराखुभएको थियो,

जुधिरहनुभएको थियो तर मैले अघि साँढे दुई वर्ष भन्ना कारण त्यही हो । त्यसपछि त उहाँ पनि लतारिन थालिनुभयो । जुन रुपले संघबाट हामीले अधिकार छिन्नुपर्थ्योो त्यसो गरेर मात्र त्यो प्रेस सुदृढ हुन सक्थ्यो त्यस्तो अवस्थामा पनि उहाँ तर पछिल्लो चरणमा पनि उहाँ जुन स्पिडमा जानुपर्ने थियो तर उहाँ पनि लत्रिदै लत्रिदै जानुभयो ।

अब यस सन्दर्भमा कहाँ कहाँ के रह्यो अझै म पछि भनुँला । तर मैले यही रोष्टमबाट पनि भनेको थिएँ, मलाई लागेको थियो, कि अरु कुराहरु त अब हुँदै जालान्, हामी बोलि पनि राखेका छौं, माग पनि गरिराखेका छौं, संघर्ष पनि गरिराखेका छौं, अब कम्तिमा पनि सरकार हुनका निम्ति आफ्नै कर्मचारी, आफ्नै प्रहरी हुनुपर्छ भनेर हामीले कानुन निर्माण गर्यौं, कर्मचारी लोकसेवा आयोग त हामीले बनायौं तर पनि अझैसम्म हाम्रा कर्मचारी छैनन्। प्रहरी निर्माण गर्ने भनेर कानुन पारित गर्यौं, सातै प्रदेशका आन्तरिक मामिला मन्त्रीहरु काठमाडौंमा जुट्यौ, प्रधानमन्त्रीसँग बसेर अब त सकियो, अब हाम्रो वहस सकियो, अब प्रहरी समायोजन गरियोस् भनेर यो कुरा टुंगियो है भनेर उठ्यौं तर अब त्यो भएन ।

अब प्रदेश मातहत प्रहरी आउन सकेन, अव मैले पहल गरुन्जेल त्यो आउन सकेन । मलाई त के लाग्दै गयो भने अब आउँदैन । अब प्रदेश मातहत प्रहरी यही तालामा हालका प्रधानमन्त्री ओलीजीको पालामा अब प्रदेशमा प्रहरी आउँदैन । यसको तथ्य के त भन्दाखेरी मैल आज बिहान यसो समाचार हेरेको थिएँ, भएछ के गण्डकी प्रदेश त अब आन्तरिक मामिला मन्त्रालय नै छैन । सभामुखजीले सूचना पढ्नु भयो अघिल्लो सूचनामा आन्तरिक मामिला तथा कानुन मन्त्रालय छ । पछिल्लो सूचनामा आन्तरिक मामिला मन्त्रालय छैन । सुदूरपश्चिमको यसो समाचार सुनेको त्यहाँका प्रकाश शाह जो आन्तरिक मामिला मन्त्री हुनुहुन्थ्यो।

उहाँले आन्तरिक मामिलामन्त्री होईन अर्थमन्त्री बन्नुभएछ । भनेपछि अब आफ्नै भनेको मतलव आफ्नै गृहमन्त्रालय, आन्तरिक मामिला मन्त्रालय नभएको सरकार त्यो सरकार यही स्थितिमा पहल गर्दा गर्दै निकै दुःख गरियो । संघर्ष गर्दागर्दै नभएको कुरा यो रखियो। त्यो सबै मलाई खड्किएको कुरा गर्न त गरियो तर अब ४६ वटा कानुन निर्माणको निम्ति पहल गरियो ४ वटा पहल गर्न प्रशासनमा छ, गर्न त ५० वटै कानुन

निर्माण गरियो, अब त्यसरी निर्देशिकाहरु, गठन आयोगहरु यी लगायतका थुप्रै काम गरियो, त्यसमा त पक्कै त्यो मानेमा म गर्न त गर्छु ।

जस प्राप्त भएको छ भन्ने पनि म ठान्दुछ तर त्यही कामहरूका नयाँ पलहरू गरेजस्तै क्ष्त् पार्क नयाँ पहल हो। यो क्ष्त् पार्क केही सीप नलालेर गण्डकी युनर्भिसिटीसँगै जोडिएर अगाडि बढ्नेछ भन्ने रूपले अगाडि बढ्ला भन्ने अपेक्षा छ । त्यही रुपमा अगाडि बढ्नै छ । करिब २२ वटा चौकी निर्माणको कामहरुलाई अगाडि बढाउन सकिएको थियो सकिएको छ, तर कति निरन्तरता पाउने हो, मलाई केही कुरा अझै खड्किएरहेको छ, अब म हिँडे, अब आउँदै छ, वर्षा आउँदै छ, गत वर्ष त झन म्याग्दी, र वाग्लुङ सबै जिल्लाहरु क्षतविक्षत भए, त्यतिबेला जनताहरुको बिचमा बसेर तपाईंहरुको घर निर्माण गरिनेछ भनेर बोलेर हिँडियो भनेर संवोधन गरेर हिडियो, तर तात्कालीन राहत बाहेक अरु काही संवोधन गर्न सकिएन, तर त्यो हुन सकेन ।

त्यसमा खड्किखेको छ र अर्को कुरा मलाई खड्किाराखेका कुरा यहाँ मैले भन्नै पर्छ अवसर पाएको बेलामा अर्को भनेको अघि भर्खर हामीले सम्मान गर्यौं, म आफैले सम्मानको निमित खर्च गरें । म आफैले सम्मानको निम्ति त्यो् शब्दहरु खर्च गरैं, श्रद्धाञ्जली व्यक्त गरैं तिनै सहिदका परिवारहरु, तिनै घाइते अपाङ्ग, वेपत्ता योद्धाका परिवारहरुको हितमा केही गरुँला, केही योजनाहरू निर्माण गरुँला भनेर पहिल्यै वर्ष देखि पहल गरेको थिएँ । त्यो दोस्रो वर्ष पनि भएन, तेस्रो वर्ष बलैतलै जम्मा एक करोड रूपैयाँले ५ वटा जिल्लामा केही भने पनि संवोधन गर्नु पर्छ भनेर लागें, त्यो कोभिडको कारणले कति पूरा हुने हो तैपनि मलाई अहिलेसम्म खड्किराखेको कुरा के रह्यो भने म आफै एउटा स्वयं एउटा सहिदको परिवार सदस्य, म आफै मन्त्री भएर तिनै सहिद परिवारको निम्ति, तिनै वेपत्ता योद्धापरिवारका निम्ति, तिनै घाईते, अपाङ्गका निम्ति अलि गुणात्मक केही गरौंला भन्ने लागेको थियो तर गर्न सकिएन ।

यसप्रति ती सहिद परिवारको निम्ति, तिनै वेपत्ता योद्धापरिवारका निम्ति, तिनै घाईते, अपाङ्गयोद्धका परिवारहरु प्रति म क्षमा याचना गर्न चाहन्छु । मलाई गर्व लागेको कुरा र अहिले पीडाको अनुभूति भएको कुरा यहाँहरु समक्ष राखें र पनि अन्तिममा त म मन्त्री छोडिरहँदा गर्व नै मानेर छोडेको हुँ । मैले मन्त्रीबाट राजिनामा दिंदा म एकदम हल्का

महसुस गरिराखेको थिएँ, किन त भन्दा मैले जीवन शर्मालाई सम्झेको थिएँ त्यतिबेला । जीवन शर्माले गीत गाउँदा र भेटघाटमा पनि भन्ने गर्थे, हाम्रा मन्त्रीहरु अर्थात वामपन्थी मन्त्रीहरु, कम्युनिष्ट हुँ भन्ने मन्त्रीहरु, मन्त्रीबाट फर्किदा उनको हातमा कुनै कालो मैलो दाग लागेको हुनुहुँदैन भनेर भन्नुहुन्थ्यो । म त्यो मानेमा गर्व गर्छु, म एउटा किञ्चित लिएर निस्कन पाएँ ।

हुन त फेरी यसको मूल्यांकन त आम जनताले गर्ने हुरा हो तर पनि मैले त्यस्तो देखेको छैन कि मेरो हातमा कतै कालो दाग लाग्यो कि ? भन्ने मलाई लाग्दैन। त्यसकारण त्यो मानेमा म गर्वका साथ तक्दिरमा भएको हो तर मैले अनुभूति यति राखें र अब म थोरै विषयहरुमा अरु केही राख्न चाहन्छु । मैले सुनें म अरु विषयहरूमा थोरै प्रेषित गर्न चाहन्छु । मैंले सुने कि अब माओवादी केन्द्र, माओवादी केन्द्रका हामी उमेदवारहरू संयुक्त चुनावी घोषण पत्रका साथै चुनाव लडेका हौं । पार्टी एकताको उद्देश्यसहितको संयुक्त चुनावी घोषणा पत्र लिएरै हामी चुनावमा लड्यौं। त्यो चुनावमा त्यतिबेला हिजो त हामी एमाले-माओवादी भएर लड्यौं ।

माओवादीलाई एमालेका कार्यकर्ता तथा मतदाताले र माओवादीकाले एमालेलाई र एमालेकाले माओवादीकाले मतदान गरेर हामी सबै विजयी भयौं । यहाँले जसरी मलाई प्रश्न गर्नुभएको थियो त्यसलाई केलाउन समय लाग्छ, केलाउँला। त्यो के भाथ्यो त्यो, तितो यथार्थ पनि राखौंला तर पनि के भन्न चाहेको हो भने हामी उहाँहरुकै मतबाट निर्वाचित भएका हौं । म यतिबेला यहाँ के दावाका साथ के भन्न चाहन्छु भने, हामी ती मतदाता प्रति इमान्दार छौं । हामी इमान्दार छौं, म इमान्दार छु, भन्ने मैले दावाका साथ भन्न सक्छु र भन्ने ठाउँमा छु मलाई त्यो लाग्छ ।

बरु जो मित्रहरूले हाम्रो मतले तपाईंहरुलाई जिताउन हामीले सहयोग गऱ्यौं तर तपाईंहरु इमान्दारी बन्नुभएन भनिराख्नु भएको छ, तपाईंहरू इमान्दारी बन्नु भएन । मेरो दरो मत हो यो, तपाईहरु इमान्दारी बन्न सक्नुभएन, के को निम्ति मत हामीले मत मागेका थियौं ? यही संघीयताको निम्ति, संघीयता सुदृढ गर्नको निम्ति, यही गणतन्त्रको निम्ति, यही धरम नीति पछुताएको निम्ति, यही मौलिकताको कायम प्रति तर यिनै विषयहरुमाथि आँच आइरहँदा बोल्न नसक्ने अनि हामी मतदाता प्रति इमान्दारी भयो? जो बोल्न सक्दैन

त्यो मतदाता प्रति इमान्दारी भयो ? भएन त । छातीमा हात राखेर सोचौं, तपाईंहरू इमानदारी बन्न सक्नुभएन । जसले हामीलाई तपाईं इमान्दारी बन्न सक्नु भएन भन्नुभएको छ तपाईंहरु नै इमान्दारी बन्न सक्नु भएन। हामी त इमान्दारी छौं । जहाँ जे प्रतिवद्धता जाहेर गरेका थियौं त्यही ठाउँमा छौं । त्यही सन्दर्भमा म अलिकति कुरा यहाँ राख्न चाहें । अब कुरा के रह्यो त भने मैले अघि पनि चर्चा गरें, प्रदेशलाई सुदृढ गर्नुपर्छ ।

संघीयताको मर्म भनेको अथवा संघीयताको सार भनेको अथवा संघीयताको मेरुदण्ड भनेको प्रदेश सरकार हो, प्रदेश सभा हो भन्यौं। त्यसकारण त लड्दै लड्दै गयौं मैले अघि मुख्यमन्त्रीज्यूले पनि पछिल्लो चरणमा आएर सक्नु भएन भन्ने कुरा राखें र हुँदैजाँदा त तपाईं हामीले सुन्यौं त, म यहाँ नाम किन लिऊँ ? हाम्रा प्रधानमन्त्री ओलीजीको वरपर घुम्नेहरु यो प्रदेशको आवश्यकता छैन यसलाई तुरुन्तै खारेज गर्नुपर्छ भनेर बोलिरहेका छन्, मन्त्री बोलेका छन्, सांसद बोलेका छन् कोही विरोध गर्दैनन् । यसले के बुझिन्छ ? संघीयता प्रति प्रति.वद्धता हो ? यो स्थिति त तपाईंले हामीले भोग्यौ नि । अब अर्को कुरा यहाँ सन्दर्भमा आएको थियो, घोषण पत्र, संयुक्त चुनावी घोषण—पत्र त्यही चुनावी घोषणा—पत्र अनुसार हामी लडेका हौं । हामी त घोषणा प्रति इमान्दरी छौं, अझै इमान्दार छौं, जसले हामीमाथि त्यो आरोप लगाइरहनुभएको छ त्यो उहाँहरु इमान्दारी बन्न सक्नुभएको छैन ।

अब यहाँ अर्को कुरा आएको छ, संयुक्त घोषणा पत्र, संयुक्त चुनावी घोषणा पत्रमा के लेखिएको छ ? त्यो प्रति कति इमान्दारी बन्नुभयो भनि मैले नेताहरुलाई सोधेको थिएँ, उहाँले के भन्नुभयो भने त्यो संयुक्त घोषणा पत्र त वामदेवले लेख्या, वामदेवले ड्राफ्ट ग¥या, त्यो सबै वामदेवको महत्वाकांक्षा छ त्यो कसरी पूरा गर्न सकिन्छ ? जवाफ यही हो, यो मैले भन्दैथिएँ नि तपाईंहरुलाई । यो आज म वाध्य भएर नेताहरूको मुखबाट सुनेको कुरा यो भनेको हुँ । वामदेवले ड्राफ्ट गरेको रे, त्यो हेर्नुहोस् त हामीले त हाम्रो घोषण पत्र भनेर हिंड्या हो । त्यहाँ सबै वामदेवको घोषणापत्र उल्लेख भएको रहेछ त्यो घोषणा पत्र त । त्यसकारण त्यो घोषणा पत्र प्रति प्रतिवद्ध उहाँहरू हुनुहुन्न एउटा कुरा, अब अर्को कुरा घोषणपत्रमा लेखिएको कुरा के थियो भन्दा घोषणा पत्रमा त राष्ट्रिय औद्योगिक पूँजीवादको विकास गरेर अर्को अर्थतन्त्रको निर्माण कसरी हुन्छ त ? अर्थात

हाम्रो आफ्नै अर्को अर्थतन्त्र निर्माण कसरी हुन्छ त भन्दा ? राष्ट्रिय औद्योगिक पूँजीवादीको अन्त्य गरेर अनि दलाल पुँजीवादको अन्त्य गरेर.अनि दलाल पूँजीवादको अन्त्य कसरी हुन्छ त ?

सम्माननीय प्रधानमन्त्री ओलीजीलाई यो प्रश्न गर्दा उहाँले जवाफ दिनुभएको छ., त्यो पत्रवम भनेर हामीले चर्चा ग¥यौं, त्यसकारण त्यो जवाफ छ उकाँको नयाँ जनवादी क्रान्ति सम्पन्न भइसक्यो भन्नुभो होइन र मित्रहरु, कमरेडहरू ! यदि नयाँ जनवादी क्रान्ति सम्पन्न भइसकेको हो भने कसरी हुन्छ दलालवाद पूँजीवाद ? लौ दलालदवाद र पूँजीवाद अन्त भइसकेछ । अनि अब त्यो घोषणापत्र कार्यान्वयन हुन्छ ? राष्ट्रिय औद्योगिक पूँजीवादको निर्माण हुन्छ ? यो त देखिएन त ।

अब घोषणपत्रको सन्दर्भमा यो पहिला प्रश्न उठेको थियो त्यो सम्झेर यति कुरा भनेको हुँ कि अब मैले चर्चा गरिन अब हुँदै जाँदा त मैले अघि पनि चर्चा गरें कि सबै उपलव्धिहरु, सबै उपलव्धिहरूमाथि एउटा उपलव्धि संविाधान हो, संविधानको हुर्मत लिदै त्यसलाई चकनाचुर पार्ने कुरा यदि मैले भने अनुसार हुँदैन भने यो संविधान पनि रहन सक्दैन भन्ने तरिकाबाट जानुभयो, त्यतिमात्र गरेको भए हुन्थ्यो, सबैतिर प्रहार । गणतन्त्रका कुराहरू पनि यो धर्म निरपेक्षको क्षेत्र तर्फ मैले यहाँ धेरै चर्चा गर्नु परेन।

दरवारियाहरू, सामन्तवादका राजनीतिक प्रतिनिधिहरु पनि रमाउँदै हिंडेका छन्, मन्दिरका मठाधिशहरू रमाउँदै हिडिरहेका छन्, दरवारीयाहरु रमाउँदै हिंडेका छन् । यो के हो ? अब धर्मनिरपेक्षता कति दिन कायम रहला ? प्रायः त अब सुरु भइसकेको छ असंवैधानिक चर्चा त धेरे नै भएको थियो, यसो नगर्नुस् पनि भनिएको थियो, यसो नभन्नुस् पनि भन्नु परेको थियो । उबै उपलव्धिप्रति प्रहार,सबै राजनीति प्रति प्रहार हुँदैजाँदा एउटा कित्तामा उभिनु प¥यो, यही तरिकाले जाने हो भने आगामी चुनावमा पनि यो मैले साथीहरूसँग, नेताहरूसँग भेट्दा भनेको थिएँ । अब दुर्घनातिर देश अगाडि बढिरहेको छ, र मलाई अब धेरै चर्चा नगरौं ।

पहिलो संविधान विघटन भएको थियो, विघटन हुने थिएन तर पनि विघटन त हुन्थ्यो नै डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुनुहुन्थ्यो, उहाँबाट विघटन भयो । त्यसले असाध्यै पीडा भएको थियो मलाई पनि । त्यो विघटन डा. बाबुराम भट्टराई जो नेता

हुनुहुन्थ्यो, त्यो हाम्रो नेता हुनुहुन्थ्यो त्यहाँ उहाँको हातबाट गराइयो । अहिले पटक पटक संसदको विघटन कम्युनिष्ट नामका प्रधानमन्त्री ओलीको हातबाट गराइयो । यो इतिहासले के भन्ला भोलिको इतिहासले ? भोलिको इतिहासले के ठान्लान् ? यो देशको स्थिति कम्युनिष्ट हुँ भन्नेहरू त्यो ठाउँमा पुग्नु अत्यन्त गम्भिर छ, अत्यन्त विडम्वनापूर्ण छ, यसले अत्यन्त चित्त दुखेको छ । मलाई एक्लै बस्दा पनि यसले अरु सबै विषयमा वहस गर्दै जाउँला, हामी सच्याएर पनि जाउँला, तर यो कहाँनिर सच्चिन्छ ? यो स्थितिमा पुग्यो देश भन्ने असाध्यै पीडा भएको छ ।

यहाँ भनिएको छ, नेपाली कांग्रेसको दल नेतालाई मुख्य मन्त्री मान्नको निम्ति माओवादी नेताहरु तेत्रा तेत्रा हुँ भनेर हिंड्नु भएको छ, अब के गरौं ? केन्द्रमा नेता शेरबहादुर देउवलाई प्रधानमन्त्री बनाउनका निम्ति, कृष्णचन्द्र नेपाली पोखुललाई मुख्य मन्त्री बनाउनको निम्ति माओवादीहरु त्यत्रा त्यत्रा त्याग, वलिदान गरेका हुँ भनि हिंडे अब के गरौं त ? तपाईंहरु त्यति पनि हुनुभएन, अहिले सम्मको उपलव्धिहरुको रक्षाको निम्ति कमसेकम नेपाली काँग्रेसले त बोलेर हिड्यो त्यति बोल्ने हिम्मत पनि त गर्नु भएन । त्यसको कारण अब यी उपलव्धिहरुको रक्षाको निम्ति हामी एउटा कित्तामा उभिन परेको स्थिति छ ।

यहाँलाई यो कुरा सविस्तार चर्चा गर्न चाहें र म अब प्रदेशतिर फर्के । मैले अघि पनि भने प्रदेशको सन्दर्भमा, आगा अवधिका लागि हामी पछाडि फर्केका थियौं जब जब संघ हावी हुन थाल्यो प्रदेशलाई कहाँ प्रदेशको यो सरकार हो ? त्यो त हाम्रो इकाई हो भनेर प्रधानमन्त्री उता बम्किने, यता हाम्रो नेतृत्व लत्रिदै लत्रिदै जाने, यो स्थिति त बन्यो नै र यो स्थितिमा हामी पुगिराखेका छौं । यस सन्दर्भमा मलाई के लागिरहेको थियो, मैले पहल पनि गरेको हुँ, कम से कम यो राष्ट्रिय राजनीतिकको प्रभाव गण्डकी प्रदेशसँग परोस् हामीले सबैले बल गरौं, नेताहरुलाई भनौं भनेर मेहनत पनि गरेको हुँ ।

करिव मैले तीन महिना म धाएँ, तर त्यो किन सकिन्थ्यो, आखिर राष्ट्रिय राजनीतिक प्रभाव त पर्छ नै तर पनि यसमा मेरो बुझाईं के हो त भन्दाखेरी हामी नेतृत्वलाई इमान्दार बनाउन सकेको भए हामी मात्र इमान्दार भएर मात्र हुँदैन रहेछ कम से कम त्यो जोगाउन सकिन्थ्यो होला भन्ने मलाई लाग्छ तर त्यो नजोगिने स्थितितिर लाग्यो अगाडि

बढ्यो यसमा कमी कमजोरीको सन्दर्भमा अहिले मुख्यमन्त्रीज्यूले यसलाई जिम्मेवारी लिनु पर्छ यस कुरामा थप अगाडि नबढौं भन्ने मलाई के लाग्याथ्यो भन्दाखेरी यो प्रदेश सरकारमा जो जति छौं, हामीले सिधा बाटो, कसैले दोष लगाउन नसक्ने बाटो हिंडठ्ने छौं जो प्रकृया यो त्यो प्रकृयामा कसैले फेस गर्न नसक्ने गरी  यो प्रदेश अगाडि जानु पर्छ भन्ने कुरा पनि हामीले राखेका थियौं । मैले भनेको थिएँ ।

अविश्वास प्रस्ताव छल्नु हुँदैन, छल्लियौं । अब त्यसपछि हुँदै गयौं अब एउटा समय मिल्यो ३ दिनको, अविश्वासको प्रस्ताव छलिसकेपछि, ४ दलको तर्फबाट, अब हामीले यो वैकल्पिक सरकार दिन सक्छौ भनेर दलका नेताहरू, दलको पत्र बोकेर गयौं । त्यो दलको पत्र त हाम्रो प्रदेश प्रमुख, अब प्रदेश प्रमुखले त त्यसलाई लत्याइदिनु भयो। हामी दलका सबै चारै नेताहरु, मान्यजनहरु गएका थियौं । हामीलाई एउटा शिष्टाचारपूर्वक भेटसम्म पनि प्राप्त भएन । वधाई दिउँला भनेर गएका थियौं, उहाँ पनि भर्खरै नियुक्त हुनुभएको, त्यो वधाई दिन पनि पाएनौं । हामीजत्तिका नेताहरु पनि त्यहाँ पुग्दा एउटा शिष्टाचार कसरी कायम राख्नु पर्छ भन्ने कुरामा पनि ध्यान दिइएन । उल्टै हाम्रा ४ दलको जुन दावी छे त्यसलाई लत्याइयो, तर त्यस्तै, त्यस्तै पत्र प्रधानमन्त्री ओलीजीले राष्ट्रपतिकहाँ लिएर जाँदा हुन त त्यो मानिएन मानिन त, अन्तमा मानिया छैन भन्न त भनियो तर त्यो मानियो । त्यो पत्र स्वीकार्य हुने हाम्रो स्वीकार्य नहुने एउटा विडम्वना, एउटा जालझेल त्यो पनि हामीले देख्यौं, अब यस्तो नहोस् भनि मैले चाहन्थें ।

अब अहिले पनि मैले अन्तमा के भन्न चाहे भने, अहिले पनि मेरो आग्रह हो, माओवादी केन्द्रको तर्फबाट आग्रह हो, सिधा बाटो हिंडौं, सफा बाटो हिंडौं र यो  विकल्पहरु जति पनि विकल्प छँदासम्म त्यो विकल्पहरुको खोजी गरौं । म त देख्छु, मैले त अहिले पनि विकल्पको सरकार बन्न सक्छ, बन्न सक्ने देखिराखेको छु । त्यसलाई सहज निकास दिउँ, भने त यदि यहाँहरुले विश्वासको मत लिन सक्नु हुन्छ भने लिनुहोस्, हामी पनि सहज छौं, सहज रुपले यहाँले विश्वासको मत लिनु हुन्छ भने लिनुहोस्, हाम्रो शुभकामना नै हुन्छ तर विपक्षी दलहरुले वैकल्पिक ढंगले सरकार बन्ने यो प्रदेश सभाको मृत्यु नै हुने भयो ।

प्रदेश सभाको अन्त्य नै हुने भयो त्यो अवस्थामा मैले अस्ति ढोरपाटनमा अन्तर्वार्ता सुनेको थिएँ, सर्वदलिय  वैठकको निम्ति पनि म सहमत छु भन्ने मैले एउटा भाषण सुनेको थिएँ । त्यो पनि त एउटा विकल्प हुन सक्छ, त्यो सहज हुन सक्छ, बढ्नु पर्छ यो कुरामामा मुख्यमन्त्रीज्यू पक्कै पनि तयार हुनुहुन्छ । हामी सबै दलहरु सहजको विकल्प दिनको निम्ति हामी तयार छौं, म यो आह्वान गर्न चाहन्छु र फेरी पनि अन्तमा यो अधिवेशनको सफलताको यो बजेट अधिवेशनको सफलताको रुपमा सफल पनि हुनेछ । गण्डकी प्रदेश सभा जसरी संघीय प्रतिनिधिसभाको अन्त्य भयो त्यसरी अन्त्य हुने छैन यो आफ्नो अवधिवश जिउँदो र जाग्दो रुपले अगाडि बढ्ने छ यो पनि शुभकामना दिएर विदा हुन्छु । हस्त धन्यवाद, अभिवादन ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, अब म माननीय प्रमुख प्रतिपक्ष दलका नेता श्री कृष्णचन्द्र नेपाली पोखरेललाई बोल्ने समय दिन्छु।

**माननीय कृष्णचन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, लगभग डेढ वर्षअघि देखि विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ ले दोस्रो लहरका रुपमा मुलुकभर कहर मच्चाइरहेको यस विषम परिस्थितिमा पुनः सभागृहमा गण्डकी प्रदेश सभाको आठौं वैठक प्रारम्भ हुँदैछ । यसै सन्दर्भमा सभामुख महोदयले बोल्ने मौका दिनुभएकोमा हाम्रो संसदीय दलको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

मेरा भनाईहरु राखु भन्दा पहिले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि वलिवेदीमा चढ्ने ती हजारौ वीर सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथसाथै यो महासंग्रममा घाइते हुनुहुने, वेपत्ता पारिएकाहरुप्रति सम्मान व्यक्त गर्दै उहाँहरुको स्थिति स्पष्ट पार्न र वेपत्ता पारिएका परिवारहरु र घाईते अपांगहरुलाई राज्यले उचित राहतको प्याकेज ल्यायोस् भन्ने अपिल गर्न चाहन्छु । साथै यस बिचमा कोरोना कहरबाट मृत्युवरण गर्नेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्छु। साथसाथै माननीय मुख्य मन्त्रीज्यू सहित कोरोना प्रास्त गर्नेहरुप्रति वधाई दिंदै सङ्क्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभामुख महोदय, हिजो मात्र हामीले गणतन्त्र दिवसको औपचारिकता पूरा गर्‍यौं। यद्यपी यहाँ त्यस्तो केही हुन सकेन । तापनि यो रोष्टमबाट म यो गणतन्त्र दिवसको अवसरमा भोलि यो संघीय लोकतान्त्रिक गणतन्त्र फलोस् फुलोस् भन्ने हार्दिक बधाई दिदै शुभकामना पनि दिन चाहन्छु ।

सभामुख महोदय, २०६२/०६३ को ऐतिहासिक संयुक्त जनआन्दोल पछि विभिन्न अवरोधका वावजुद दास्रो संविधान सभाबाट हामीले नयाँ संविधान प्राप्त गर्‍यौं । नयाँ संविधान अन्तर्गत केन्द्र, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भयो । नेकपा नेतृत्वको लगभग दुई तिहाई वहुमतको सरकार बन्यो । राजनैतिक स्थिरता नै विकासको पहिलो आधार हो भन्ने मान्यतालाई नेपाली जनताले आफ्नो मतबाट चरित्रतार्थ गरे । समृद्ध नेपाल, सुखी नेपालीको नारा कार्यान्वयन हुने कुरामा नेपाली जनता विश्वस्त थिए तर ३ वर्ष पुग्दा नपुग्दै जनताको त्यो अपेक्षा गलत सावित भयो। यो ३ वर्षको अवधि केवल पार्टीको आन्तरिक कलह, निषेधको राजनीति, काण्डैकण्डको इतिहास बन्यो । कोरोना महामारी नियन्त्रणका लागि स्वास्थ्य सामग्री खरीदमा भएको अनियमितता पराकाष्ठामा पुग्यो ।

७० वर्षदेखिको राजनीतिक अस्थिरता समाप्त भई देश समृद्धितिर जान्छ भन्ने जनताको आशा त पूरा भएन भएन, आफ्नै पार्टीभित्रका नेताहरुलाई नै निःषेधित गरेर वा किनारा लगाएर पनि आफ्नो अभिष्ट पूरा नहुने देखेपछि सम्माननीय प्रधानमन्त्री के.पी ओलीले असंवैधानिक, अलोकतान्त्रिक तरिकाबाट गत पुष ७ गते संसद विघटनको सिफरिस गर्नुभयो र सम्मानित राष्ट्रपतिले त्यसलाई सदर गर्नुभयो । प्रधानमन्त्रीको यो आलेकतान्त्रिक कदमको सर्वत्र विरोध भयो । तत्कालिन नेकपाको ओली समूह बाहेक, सबै राजनैतिक दल, नागरिक समाज, मानव अधिकारसहित विभिन्न पेशाकर्मी संघसंस्था सहित सिंगो राष्ट्र यस कदमको विपक्षमा उभियो । चैत्र ११ गतेको सर्वोच्च अदालको फैसलाले संसद पुनःस्थपना गरेर राष्ट्रलाई मुठभेड तर्फ जानबाट सर्वोच्च अदालतले बचायो ।

आफैले विघटन गरेको संसद पुनस्थापित भईसकेपछि नैतिकताको आधारमा राजिनामा दिएर आफ्नै पार्टीको कुनै अन्य सदस्यहरुलाई अगाडि सारेर भएपनि संसदबाट

नयाँ सरकार बनाउनु पर्ने मार्ग प्रशस्त गर्नुपर्ने लोकतान्त्रिक परम्परालाई तिलाञ्जली दिएर वर्तमान प्रधानमन्त्रीले अनेक तिकडम गरेर संसदलाई निस्कृय बनाउनु भयो । संसदलाई विजनेशविहीन बनाउँदै सदन स्थगित गर्नुभयो । यसै क्रममा सर्वोच्च अदालतको २३ गतेको फैसलाबाट उत्पन्न परिस्थितिबाट संविधानको धारा ७६(२) अनुसारको सरकारमा परिणत भएकोले ३० दिन भित्र विश्वासको मत लिनु पर्ने वाध्यता परिस्थिति निर्माण हुन गयो । लगभग २ तिहाई वहुमतको प्रधानमन्त्री बन्नुभएका ओली आफ्नै कार्यशैलीका कारण सहयात्री दलहरुको समर्थन गुमाउदै अल्पमतमा पर्नुभयो । यसरी संविधानको धारा ७६(३) बमोजिम प्रतिनिधि सभाको ठूलो दलको हैसियतमा बैशाख २७ मा शपथ लिएको प्रधानमन्त्री ओलीले ३० दिनभित्र विश्वासको मत लिनु पर्ने सबै संवैधानिक प्रकृया पूरा नगरी राजीनामा नदिई संविधानको धारा ७६(५) बमोजिम वैकल्पिक सरकार बनाउन मार्ग प्रशस्त गरेको घोषणा गर्दै धारा ७६(५) अनुसारको नयाँ सरकार गठनको प्रकृया आरम्भ गर्न भनी सम्मानीय राष्ट्रपतिलाई पत्र पठाएको २ घण्टाभित्रै सरकार गठनको लागि समाज राष्ट्रियद्वारा आह्वान गरियो ।

सभामुख महोदय, संवैधानिक व्यवस्था नेपालको संविधानले प्रधानमन्त्रीले पहिला राजिनामा दिइसकेपछि अन्य मार्ग प्रशस्त हुने कुरो हो तर यहाँ आफू पदमा यथावत् रहने र राष्ट्रपतिलाई आफूमा तहको एउटा कर्मचारीको जस्तो रहेर निर्देशन दिने काम भयो यसले संवैधानिक व्यवस्थाको खिल्ली उडाएको छ ।

सभामुख महोदय, प्रधानमन्त्री र राष्ट्रपतिको यो कदम मुलुकको संवैधानिक व्यवस्था माथिको ठाडो हस्तक्षेप थियो । प्रधानमन्त्रीले आफू कुर्ची मै बसेर मार्ग प्रशस्न गरेँ भन्ने होइन, राजीनामा दिएर पद खाली गर्नु पर्दथियो । त्यो खाली पदमा राष्ट्रपतिले सरकार निर्माणको आह्वान गर्नु पर्दथियो । सो नगरीकन पदमै रही सिफारिस गर्ने, पदमै रही मार्ग प्रशस्त गरें भन्ने, राष्ट्रपतिले त्यसलाई आँखा चिम्लेर स्वीकार्ने र १ दिनको समय दिएर सरकार निर्माणको आव्हान गर्नु संविधानको भावना विपरित देखिन्छ । सबै घटनाक्रमले मन्त्री परिषदको सिफारिस र राष्ट्रपतिको आह्वानमा वदनियत देखिन्छ । धारा ७६(३) बमोजिम प्रधानमन्त्री बन्नु भएका ओली एकैचोटी उपधारा ५ मा पुग्नु नै असंवैधानिक कदम हो । उपधारा (३) अनुसार विश्वासको मत लिन्छ भन्ने आधारमा ७६(३) को

अनुसारको प्रधानमन्त्री नियुक्ति गरिएको हुँदा उपधारा (४) को प्रक्रिया पूरा गर्नु संवैधानिक दायित्व हो । त्यो पूरा नगरिकन उपधारा (५) मा जानु र राजीनामा नगर्नु प्रधानमन्त्री संवैधानिक प्रकृया छल्ने कुरा मात्र हो । यसरी प्रधानमन्त्री ओलीले संवैधानिक रुपमा शृंखलावद्ध रुपमा संविधान, संवैधानिक संस्था र अन्य राजनैतिक दलका अस्तित्वमा नै धावा बोल्दै अगाडि बढेको देखिन्छ ।

सभामुख महोदय, संविधानको मूल्य, मान्यता, स्थापित परम्परा विपरितको सिफारिसको आधारमा १ दिनको समय दिएर राष्ट्रपतिज्यूले गरेको आह्वान अनुसार माननीय शेरबहादुरज्यू र प्रधानमन्त्री के.पी. ओलीले सरकार निर्माण गर्न गरेको दावि दुवै नपुग्ने भनी गरिएको राष्ट्रपतिको निर्णयले सरकार निर्माणका ढोकाहरू सबै बन्द गरियो ।

सभामुख महोदय, म पनि यहाँ के क्लियर गर्न चाहन्छु भने केवल माननीय शेरबहादुर देउवाको वहुमत सदस्यहरुले दिएको निवेदनलाई निस्तेज पार्नको लागि प्रधानमन्त्रीको त्यो पत्रलाई आधार बनाइएको छ । त्यो पत्र राष्ट्रपति कहाँ दिनुभन्दा अगाडि सम्माननीय प्रधानमन्त्रीज्यूले सार्वजनिक रुपबाट राष्ट्रको सामने म अल्पमतमा छु । मसँग ९३ जना भन्दा सदस्य छै रन, मैले कसरी गर्ने ?भ नेर सम्पूर्ण राष्ट्रको सामुन्ने उहाँले भन्नुभएको छ। २ घण्टापछि मसँग वहुमत छ भनेर चिठी लिएर जानुभएको छ । राष्ट्रपतिज्यूले भन्न सक्नुपर्थ्यो, तपाईं पदबाट राजीनामा दिनुस्, पहिला खाली भईसकेपछि बल्ल तपाईं लाईनमा आउन सक्नुहुन्छ ।

कुर्ची नछोडिकन गर् भनेर भन्न मिल्दैन भनेर निर्देशन दिन सक्ने त्यो हिम्मत राख्न पर्ने त्यो पद उहाँले त्यो गर्नु भएन । एउटा कर्मचारीलाई आदेश दिएजस्तो गर्ने प्रधानमन्त्री त्यही अनुसार अगाडि बढ्ने राष्ट्रपति यो दुर्भाग्यपूर्ण घटना हामी नेपालीहरुलाई र सम्पूर्ण देशकै लागि एउटा लज्जाको विषय बनेको छ ।

सभामुख महोदय, सरकार निर्माण गर्ने मुख्य आधार वहुमत सांसदहरुको हस्ताक्षरसहित परेको माननीय शेरबहादुरज्यूको निवेदनलाई निस्तेज बनाउने वदनियतका साथ प्रधानमन्त्री ओली दलको समर्थनको कथितवादीलाई आधार मानी राष्ट्रपतिले दुवै निवेदकको दावी नपुग्ने भनी जेठ ७ गते राति प्रधानमन्त्री ओलीको सिफारिस अनुसार निर्वाचनमा जाने

भनि सम्मानित राष्ट्रपतिबाट गरिएको घोषणाले पुन संविधानमाथि वलत्कार गर्ने काम भएको छ ।

संविधानको पालन र संरक्षणको दायित्व बोकेको राष्ट्रपति जस्तो सम्मानित संस्था प्रधानमन्त्रीको मतियाराको रुपमा प्रयोग हुनु अशोभनीय मात्र होईन गैरसंवैधानिक अलोकतान्त्रिक र प्रतिगमनकारी भएकोले आज सिंगो राष्ट्र प्रतिगमनका विरुद्ध उत्रिएको छ । यो असंवैधानिक कदमका विरुद्ध माननीय शेरबहादुर देउवा, माननीय पुष्पकमल दाहाल प्रचण्ड, माननीय माधवकुमार नेपाल, माननीय झलनाथ खनाल र माननीय डा. बावुराम भट्टराई सहिद ५ जना भूतपूर्व प्रधानमन्त्रीहरु सहित १४६ जना सांसदहरुले सर्वोच्च अदालतमा संसद पुनस्थापना र वहुमत सदस्यसहितको आवेदन दिने शेरबहादुरलाई प्रधानमन्त्रीमा नियुक्ति गर्न भनी आदेश होस् भनि सर्वोच्च अदालतमा निवेदन परेको सम्मानित प्रतिनिधि सभामा राख्न चाहन्छु ।

सभामुख महोदय, यो मैले किन उल्लेख गरेको छु भने हाम्रो यो गठवन्धन, हामी दुईवटै मोर्चामा संवैधानिक मोर्चामा पनि र राजनीतिक मोर्चामा पनि यो प्रतिगमन र यो अलोकतान्त्रिक कदमका विरुद्ध हामी लहसियौं भन्ने हाम्रो जुन हाम्रो जुन एउटा निर्णय छ त्यही अनुसार हाम्रा नेताहरु संवैधानिक मोर्चामा लड्नु भएको अवस्था छ ।

सभामुख महोदय, हिजो मात्रै केन्द्रीय सरकाले बजेट ल्यायो । हुन त बालुवाटार काण्डमा मुछिदा, मुछिएका व्यक्ति जसले पैसा फर्काइदिएपछि चोखियो भन्ने बनाइयो, माननीय विष्णु पौडेल जीले प्रस्तुत गर्नुभएको त्यो बजेट वास्तवमा त्यो बजेट नभएर एउटा झुटको पुलिङ्गा र चुनाव प्रचार गर्ने एउटा माध्यमको रुपमा त्यो बजेट आएको छ। सभामुख महोदय ।

हामीलाई थाहा छ, अहिलेको ओली सरकार यो काम चलाउ सरकार हो, अहिलेको ओली सरकार काम चलाउ भएको हुनाले काम चलाउ सरकारले पूर्ण बजेट ल्याउन सक्दैन, मिल्दैन यो संवधानिक परम्परा विरुद्ध छ, संविधानको पनि विरुद्ध छ, केवल खर्चको लागि पूरक बजेट ल्याएर अगाडि बढ्नु पर्छ भन्ने सम्पूर्ण पूर्व योजनाको उपाध्यक्षहरु देखि लिएर सारा विज्ञहरुले भनिरहेको अवस्थामा जुन बजेट आएको छ, त्यो बजेट कार्यान्वयन हुन सक्नेवाला पनि छैन र त्यो केवल जनतालाई भ्रम छर्नका लागि किनभने भोली संसद

पुनस्थापित भयो यसै पनि त्यो कार्यान्वयन हुँदैन, भएन, यदि भयो भने पनि कसरी यो कार्यान्वयनमा जान सक्छ ?

यसै अर्थमा यो केवल उदाहरणको लागि मैले हेरें । विद्यार्थीहरुलाई ल्यापटप राम्रो कुरा हो । त्यसमा सँगसँगै एउटा सीमकार्ड पनि भनिएको छ । राष्ट्रको बजेट ल्याउँदै गर्दा सीमकार्ड दिने भन्ने कुरा के हो यो भन्दा यो नेकपा एमालेको घोषणा पत्रमा यो सुहाउँथ्यो, र राष्ट्रले सीमकार्ड वितरण गर्ने भनेर अर्थमन्त्रीको त्यो बजेट ३ घण्टा लामो बजेटमा त्यो उल्लेख हुने भनेको के हो भने सबै समस्याको समाधान म गर्छु, अचूक वाण हो भन्ने पारेर भ्रममा पार्ने एउटा दस्तवेजको रूपमा आएको छ । यसरी हेर्दै गर्दा यो बजेट संघीयता विरोधी पनि छ । किन छ भन्दाखेरी उहाँदेखि पालिका हुँदै, झोलुंगे पुलदेखि खानेपानीको धारा, उहाँहरूको शौचालय समेत राखेर यो आएको छ । अघि नै माननीयज्यूले यहाँ राखिसक्नु भएको छ । यो वर्तमान सरकार संघीयता विरोधी सरकार, किन संघीयता विरोधी सरकार भन्दा अघि नै यही प्रदेशमा रहेर जिम्मेवारी सवाल नभएका माओवादी केन्द्रका नेताले यहाँ राखिसक्नु भएको छ।

प्रदेशलाई प्रदेश भन्न नसक्ने, प्रदेशको अस्तित्व स्वीकार्न नसक्ने, प्रदेशको प्रहरी गर्न नसक्ने, प्रदेशप्रति लयर कर्मचारी दिन नसक्ने, बजेट दिंदा कटौती गर्ने, कसरी संघीयताको पक्षधर हुन्छ । हाम्रो दुर्भाग्य, शिष्टम हाम्रो राम्रो संघीय लोकतानित्रक गणतन्त्र ल्यायौं तर त्यो गणतन्त्र त्यस्तो नेतृत्वको हातमा पुग्यो । जसले यो संघीय लोकतान्त्रिक गणतन्त्रलाई ठेलागाडीको उदाहरण दिएको हामीलाई थाहा छ । त्यसकारले शिष्टम राम्रो भएर, पद्धति राम्रो भएर मात्र हुँदो रहेनछ । यदि नेतृत्व गर्ने नराम्रो भयो भने मुलुक कहाँ जाँदो रहेछ ? आज हामीले अनुभव गरिरहेको अवस्था छ। त्यसो भएको हुनाले म अनुरोध गर्न चाहन्छु, यो चुनावी, यो जुन बजेट छ, यो बजेटलाई वास्तवमा भन्ने हो भने सम्पूर्ण अहिले राजनीतिक दल, सबैले यसलाई विरोध गरेको अवस्था छ र पनि हामीलाई थाहा छ, अहिले वर्तमान प्रधानमन्त्रीजी उहाँको शैली के छ भने जनताबाट नगर भन्यो भने त्यही गर्नुहुन्छ उहाँले ।

आज सारा राष्ट्र एकातिर कराइराखेको छ, उहाँ एकातिर चल्नुभएको छ । यसकारण त्यसको परिणाम आज हामीले भोग्दै छौं । त्यो के भन्दाखेरि आज संघीय

लोकतन्त्रमाथि नै प्रश्न उठेको उदाहरण छ । आज म यो उदाहरण दिन चाहन्छु, उहाँले पार्टीभित्र के गर्नु भयो, कसो हो त्यो भुक्तभोली साथीहरुलाई थाहा छ। हामीले बाहिरबाट हेर्दाखेरि, एउटा उदाहरण गर्न चाहन्छु, हिजो मधेश भन्दा रुचाउन नचाहने, हिजो नागरिकता वितरण गर्दाखेरी यही अध्यादेश जो अहिले आएको छ, के भन्नुभएको थियो उहाँले नागरिकता भनेको रानीको जन्मदिनमा बाँड्ने चकलेट हो सबैलाई दिने? अहिले रेकर्ड छ त्यो, तर एकाएक त्यो के भयो ? अहिले उहाँको लागि त्यो पाच्य भयो किनभने जसपाको साथ पाउनु भयो ।

हो, हामीले भनेको छौं नागरिकताकै विषयमा, हाम्रो धारणा के हो भने मधेशका ती व्यक्तिहरु, ती बाबुआमा जसले जन्मसिद्धको आधारमा नागरिकता लिए, उनीबाट सन्तान जन्मिए, ती सन्तानलाई नागरिकता दिनै पर्छ राज्यले, आज कतिले पढेका छन्, जागिर पाएका छैनन्, कति के छ, ती सन्तानहरूलाई दिने भनेको कुरामा हिजो हामीले प्रस्तुत गरेको हो तर स्वयं वर्तमान प्रधानमन्त्रीजीकै पार्टीले उहाँको विरोध गर्नुभएको थियो तर अहिलेको जेठ ७ गते रातिको घटनाले उहाँलाई यसरी घच्घचाइदियो कि त्यो विधेयकको रुपमा त्यो ल्याउनुभएको छ, जबकि दूरगामी असर पार्ने त्यस्ता कानुनहरु विधेयकबाट, अध्यादेशबाट होइन जुन सदनबाट ल्याउनु पर्छ, तर उहाँले जसरी जुन ल्याउनुभएको छ यो पनि उहाँको एउटा कुटिलता भित्रको एउटा खेल हो ।

सभामुख महोदय, राष्ट्रिय राजनीतिका संक्षिप्तमा चर्चा गरिसकेपछि म प्रदेश तर्फ आउनु चाहन्छु । राष्ट्रिय राजनीतिको प्रभावबाट प्रदेश पनि अशुद्ध रहन सक्ने कुरै भएन । गत पुष ७ गतेको प्र.म. ज्यूको संसद विघटन, परिचालनले असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदमका विरुद्ध सारा राष्ट्र एक भएको र सम्माननीय सर्वोच्च अदालतबाट समेत प्र.म. को त्यो कदमलाई असंवैधानिक घोषणा गरेपछि सर्वोच्च अदालतको चैत २३ गतेको फैसलापछिको परिस्थितिमा साविक नेकपा विभाजित भई एमाले र माओवादीको केन्द्रमा फैसलाको मितिले ३० दिन भित्र विश्वासको मत लिनु पर्ने वाध्यात्मक व्यवस्थालाई माननीय पृथ्वी सुव्बा गुरुङको गण्डकी प्रदेश सरकारले वास्ता नगरिकन अगाडि बढेकोे मात्र होइन, हिजो सरकारलाई समर्थन गर्ने राष्ट्रिय जनमोर्चा, माओवादी केन्द्रले समेत समर्थन फिर्ता लिइसकेपछि पनि वर्तमान सरकार अल्पमतमा

परेको प्रष्ट छ । यसै सिलसिलामा हिउँदे अधिवेशन बोलाइयो, त्यो बेलासम्मको वदलिदो परिस्थिति अनुसार अविश्वासको प्रस्ताव दर्ता हुने आशंकामा चैत्र ६ गतेलाई तोकिएको वैठकको वेवास्ता गर्दै सरकारले दर्ता गराएका विधेयकहरू हुँदाहुँदै अधिवेशनलाई अन्त गऱ्यो ।

सभामुद महोदय, संसदीय व्यवस्थामा जनताका आवाजलाई मुखरित गर्ने, समस्याहरुमा वहस गर्ने, प्रदेश सरकारलाई सचेत गराउने, सरकार बाटोबाट बाहिर जान लागेमा त्यसलाई ट्र्याकमा ल्याउने, उसले आफ्नो जिम्मेवारी पूर्ण गरेको छैन भने त्यसलाई संसदमा ल्याउने जिम्मेवारीबाट पन्छिन नदिनको लागि संवैधानिक कदमहरु चाल्नु विपक्षी दलको धर्म हो । त्यसमा पनि मेरो दल प्रदेश सभाको प्रमुख प्रतिपक्ष दल रहेको स्मरणीय गराउन चाहन्छु । प्रदेश सरकारले जब आफ्नो स्वार्थको लागि हिउँदै अधिवेशनलाई अन्त्य गर्छ भने त्यतिबेला सरकारलाई जनताको सर्वोच्च थलो प्रदेश सभामा ल्याउने हतियार विशेष अधिवेशन भन्दा अर्को थिएन ।

माननीय पृथ्वी सुव्बा गुरुङको नेतृत्वको गण्डकी प्रदेश सरकारमा अब विश्वास छैन, यो सरकार अल्पमतमा परेको छ भनेर हामीले भन्ने र सो कुराको परीक्षण गरेको थलो भनेकै प्रदेशको सभा भएको कारण हामीले विशेष अधिवेशन बोलायौं । यसै बिचमा अमिक शेरचनज्यूलाई प्रदेश प्रमुखबाट पद मुक्त गरियो ।

सभामुख महोदय, यो काम अलोकतान्त्रिक, अनैतिक एउटा राजनैतिक, वेइमानी पनि थियो । नेपालमा लोकतन्त्र स्थापनार्थ वामपन्थी आन्दोलन मार्फत आफ्ना सम्पूर्ण वशन्तहरु राष्ट्रलाई सुम्पेका ०६२÷६३ को त्यो ऐतिहासिक जन आन्दोलनमा प्रातःस्मरणीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग काँधमा काँध मिलाएर नेतृत्व दिने व्यक्ति तत्कालीन नेकपाका नेताहरुको विशेष अनुरोधमा प्रदेश प्रमुख पद स्वीकारेका व्यक्तिलाई गैर संवैधानिक प्रकृयामा प्रयोग गर्न सकिन्न भनेर अपमानित ढंगबाट पद मुक्त गर्नु यो भन्दा ठूलो राजनैतिक वेइमानी केही हुन सक्दैन ।

सभामुद महोदय, म यहाँ दिलाउन चाहन्छु, त्यतिबेला कोराना संक्रमण केही कमी भएकोले प्रदेश सभा नदीपुरकै सभा हलमा विशेष अधिवेशन शुरु भयो । दोस्रो दिन अविश्वासको प्रस्तावमा छलफल भएर निर्णयार्थ लैजाने सन्दर्भमा आविश्वास प्रस्तावको पक्षधर राष्ट्रिय

जनमोर्चाको एकजना माननीयज्यूको अवस्था अज्ञात रहेकाले कार्यवाही स्थगित होस् भनी सो पार्टीका सचेतक माननीय पियारी थापाज्यूको निवेदन परेपछि माननीय सभामुखज्यूबाट अर्को सूचना नहुँदासम्मका लागि हाउस स्थगित गरियो । पछि माननीय सदस्यज्यू विरामी भएको भन्ने जानकारी भएपछि हाउस चलाउने सम्बन्धमा कार्य व्यवस्था समितिको वैठक बस्दा, सबै दलका नेताहरुको वैठक बसाएर निर्णय गरी अगाडि बढ्ने भन्ने सभामुखज्यूको आसय अनुसार हामी मुख्यमन्त्रीज्यूसहित  दलका नेताहरु बस्यौं ।

छलफलपछि आ—आफ्नो संसदीय दलको वैठक बस्ने र कार्य व्यवस्था समितिको वैठक बसेर संसदको वैठक अगाडि बढाउने समझदारी अनुसार हामी उठ्यौ तर परिस्थिति सो अनुसार अगाडि बढेन । मुख्यमन्त्रीज्यूले अविश्वासको प्रस्तावको सामना गर्नुभएन र राजिनामा दिनुभयो । उहाँले राजिनामा दिएपछि अब संविधानको धारा १६८, २ आकर्षक हुने परिस्थिति आयो । नव नियुक्त प्रदेश प्रमुखले सोही धारालाई टेकेर ३ दिन भित्र सरकार गठनको आह्वान गर्नुभयो । सोही अनुसार  नेपाली कांग्रेस संसदीय दल, नेकपा माओवादी केन्द्र संसदीय दल, राष्ट्रिय जनमोर्चा संसदीय दल, जनता समाजवादी पार्टी संसदीय दलसहित ४ दलको कृष्ण चन्द्र नेपाली पोखरेललाई मुख्यमन्त्रीको पदमा नियुक्त गरियोस् भन्ने औपचारिक पत्र र सोही व्यहोराको मेरो आफ्नो निवेदन सहित दर्ता गरियो ।

यसरी ४ दलले मेरो समर्थनमा लिखित पत्र दिएपछि प्रदेश प्रमुखले मलाई मुख्यमन्त्री नियुक्ति गरेर ३० दिन भित्र विश्वासको मत लिन लगाउनु पर्दथ्यो सो अवधिमा मैले विश्वाासको मत लिन नसकेपछि मात्र धारा १६८ को उपधारा ३ अनुसार प्रदेश सभामा सबैभन्दा बढी नेकपा एमालेको दलको नेताको हैसियतमा माननीय पृथ्वीसुव्वा गुरुङलाई नियुक्त गर्नु पर्ने वाध्यात्मक परिस्थितिलाई कुल्चेर एकजना माननीयज्यूको नाममा कीर्ते पत्रको आधारमा ४ दलको समर्थनलाई व्यवास्ता गरी मुख्य मन्त्री नियुक्ति गर्नु संविधान विपरित काम भयो । पूर्व माननीयज्यूले यहाँ राखिसक्नु भएको छ, एउटा प्रदेश प्रमुख जस्तो गरिमामय पदमा आसिन व्यक्तिले यो प्रदेशका प्रमुख ४ दलका नेताहरूसहित सम्पूर्ण एम्पी जाँदाखेरी सामान्य एउटा शिष्टाचार सम्म पनि प्रदर्शन गर्न नसक्नु त्यो भन्दा ठूलो दुःखको कुरो केही हुन सक्दैन, हामीले त्यो अनुभव गर्यौं ।

सभामुख महोदय, आज हामी गण्डकी प्रदेश सभाको बजेट अघि एजेण्डका सन्दर्भमा भेला भएका छौं । निश्चित रुपमा प्रदेश सरकारले सामान्य अवस्थामा यो संवैधानिक व्यवस्था अनुरुप अगाडि बढ्ने कुरा हो । तर अहिलेको परिस्थिति भिन्न छ, वर्तमान सरकार संविधानको धारा १६८, (३) बमोजिमको सरकार भएकोले ३० दिन भित्र विश्वासको मत लिनु पर्ने वाध्यता व्यवस्था छ । अन्य परिस्थितिमा, सामान्य अवस्था भएको भए बजेट अधिवेशन नभएको भए, तोकिएको मितिको अन्तिम दिन समयसम्म पनि मुख्यमन्त्रीलाई त्यो प्रिभिलेज हुन्थ्यो, तर अहिले भिन्न अवस्था हो । यो अधिवेशन, बजेट अधिवेशन भएकाले नीति तथा कार्यक्रम बजेट समेत ल्याएर प्रस्तुत गर्नु पर्ने हुँदा विश्वासको मत लिएर मात्र अगाडि बढ्नु पर्ने हुँदा संवैधानिक व्यवस्था हुँदा हुँदै त्यतातर्फ ध्यान नदिई वहुमतको सरकार जस्तो गरी बजेट प्रस्तुत गर्न मिल्दैन ।

त्यसैले सरकारको संविधानको धारा १६८, ४ को वाध्यात्मक व्यवस्थालाई अवलोकन गर्दै अगाडि बढोस् भन्ने अनुरोध गर्न चाहन्छु । हुन त सार्वजनिक मिडियामा सरकारी पक्षबाट विश्वासको मत नदिए, नपाए निर्वाचनमा जान्छु भन्ने जस्ता अभिव्यक्तिहरु नआएका होइनन्, तर पनि भावना र सेन्टिमेन्टको संवैधानिक व्यवस्थाको सामुन्ने केही अर्थ रहँदैन । र संविधानले निदृष्ट गरेको व्यवस्था अनुसार बढ्नुको विकल्प छैन, त्यसमा पनि आज प्रदेश कोरोना माहामारी नियन्त्रणबाट प्रमुख चुनौतीका रुपमा रहेको अवस्था छ, संक्रमितको अवस्था भयावह छ, अक्सिजन प्लाण्ट, ग्यास सिलिण्डर लगायत उपकरणहरुको अभाव छ । यसै सन्दर्भमा सम्मानित सभामा म एउटा राजधानीकै घटना प्रस्तुत गर्न चाहन्छु ।

महामन्त्री मुख्यमन्त्री स्वयंले आफैले स्वास्थ्य मन्त्रालय लिएको वर्तमान अवस्थामा प्रदेशका सबै अस्पतालहरुमा अक्सिजनको कमि छैन भनेर सार्वजनिक रुपमा भनेको मात्र नभई केही दिन अगाडि एउटा मिटिङ राखेर, उहाँले हामी सबै जिल्लामा, सबै ठाउँमा अक्जिन पूरा छ भनेर उहाँले अभिव्यक्ती दिनु भएको अवस्था हो । तर राजधानीकै मुख्य गण्डकी क्षेत्रीय अस्पताल जसलाई प्रदेशको प्रमुख अस्पताल घोषणा गरिएको छ, त्यो अस्पतालमा अक्सिजनको अभावमा अस्ति एकजना सुत्केरी महिलासहित ६ जना र

मैले पाएको सूचना अनुसार बिचमा २ जना गरी आठ जना व्यक्तिको निधन भएको छ । यसबाट हाम्रो प्रदेश सरकारको कोभिड नियन्त्रण क्षमता स्पष्ट भएको छ । म यो रोष्टमबाट भन्न चाहन्छु, भोलिका दिनमा यस्तो जनताले भोग्न नपरोस्, त्यति मात्र होइन राजधानीको प्रमुख अस्पताल त्यहाँ ६-६ जना व्यक्तिहरु छट्पटाएर मरेका छन् । डेढ वर्ष पहिले देखि हामीले विशेष प्रस्ताव, संकल्प प्रस्ताव हर माध्यमबाट सरकारलाई हामीले अनुरोध गर्‍यौं कम से कम कोरोनासँग लड्नको लागि यो तयारी गर्नुहोस् भनेर, तर राजधानीमै एउटा अक्सिजन प्लाण्ट राख्न नसकेर आज जुन हिसावबाट जनताले आफ्नो ज्यान गुमाउनु परेको छ यो घटना सामान्य घटना होईन । सरकारले यसको विषयमा सार्वजनिक रुपमा माफी माग्नु पर्छ । मुख्यमन्त्रीजी यहाँ हुनुहुन्न, उहाँ विरामी हुनुहुन्छ भने हिजो अस्तिसम्म सार्वजनिक कार्यक्रममा उद्घाटन शिलान्यासमा यहीं हुनुहुन्छ होइन भने आजको टेबुल खाली छ, र यहाँ जो सरकारको प्रतिनिधि हुनुहुन्छ, म चाहन्छु, यो घटनालाई लिएर एउटा छानविन हुनुपर्दछ । मुख्यमन्त्री भन्दा पनि स्वास्थ्यमन्त्री संहाल्नुभएको हुनाले सार्वजनिक रुपमा उहाँले माफी माग्नु पर्छ भन्ने म अनुरोध गर्न चाहन्छु ।

सभामुद महोदय, मैले अघि अलिकति उल्लेख गरेको थिएँ, जतिखेर ६८, २ को अनुरुप सरकार बनाउने प्रस्ताव निर्णय लिएर हामी ४ दल प्रदेश प्रमुखका पुग्यौं । त्यहाँ अघिनै एउटा घटना घट्यो सामान्यत हेर्दा एउटा किर्ते चिठी दिइयो उहाँको नाममा, प्रदेश प्रमुखले त्यसलाई स्वीकार्नु भयो, यति मात्रै होईन यो प्रदेशको गण्डकी प्रदेशको इतिहासमा यो भन्दा ठूलो कलंक अरु केही हुन सक्दैन । किनभने प्रदेश सभाजस्तो सम्मानित सभाको सदस्य भएको व्यक्तिको नाउँमा कसैले किर्ते गर्छ भने त्यो दण्डनीय छ । त्यसै भएको हुनाले त्यो कुन व्यक्तिले त्यो गर्‍यो, त्यो चिजको छानविन होस्, त्यो पनि कारवाहीको दायरामा ल्याइयोस् ।

एउटा भविष्यका म प्रदेश प्रमुखसँग पनि अनुरोध गर्न चाहन्छु सभामुखज्यू मार्फत् । उहाँले भोलिका दिनमा एउटा अभिभावकको भूमिकामा उहाँ बहसमा आाफूँलाई वसाउनु पर्यो। उहाँ अहिले पार्टीको प्रतिनिधि होइन, उहाँ अहिले राज्यको प्रतिनिधि हो। त्यसो भएको हुनाले गण्डकी प्रदेश हिजोको अभ्यासमा उहाँको प्रदेश प्रमुखले जो अभ्यास

गर्नुभयो, हामीले जो अभ्यास गऱ्यौं त्यो अभ्यासमा धव्वा लगाउने काम नहोस् भन्ने म अनुरोध गर्न चाहन्छु ।

सभामुद महोदय, मैले भन्नै पर्छ, यहाँ आयो धेरै कुराहरु आजको ठूलो ज्वलन्त समस्या अहिले पनि कोरोना हो । राष्ट्रिय रुपमा हेर्दा पनि प्रदेशमा पनि र अहिलेको जुन अवस्था छ, अघि नै साथीहरुले वारपाकको कुरा ल्याउनुभयो, वारपाक लगायत आज सम्पूर्ण प्रदेशका गाउँ गाउँ  प्रत्यक घर आज आइसियु बनेको अवस्था छ । यो अवस्थामा सरकारको दायित्व के हो भन्दाखेरी परीक्षणको दायरा ठूलो बन्यो, जति परीक्षणको दायरा हामी विस्तार गर्न सक्छौं त्यति हामी .थ्रेस गर्न सकिन्छ जब फाइनआउट हुन्छ त्यसको समाधान पनि हुन्छ ।

त्यसो भएको हुनाले यतातर्फ सरकारले ध्यान दिनुपर्छ तर यहाँ विडम्वना के छ भने कोरोना भाइरस जस्तो महामारीबाट जनतालाई सेवा गर्ने, अग्र पंक्तिमा रहेर काम गर्ने कतिपय स्वास्थ्यकर्मीहरूले आफ्नो ज्यान गुमाउनु परेको अवस्था छ । हामीलाई थाहा छ, हामी यो पेपरमा पढ्छौं, सार्वजनिक मिडियामा पनि आएको छ, शंकरवित्को सेवा गर्दा गर्दै मृत्युवरण पनि गर्नुभएको छ । त्यो महान स्वास्थ्यकर्मीहरु प्रति म सम्मान व्यक्त गर्न चाहन्छु ।

आफ्नो ज्यान गुमाउनु परेको छ, तर पनि यसलाई वास्ता नगरी अहोरात्र खट्ने स्वास्थ्य कर्मचारी, स्वास्थ्यकर्मीहरुलाई थप सुविधा दिनु त कता हो कता, सरकारले दिने भनेको भत्ता पनि नपाएको गुनासो हिजोसम्म थियो । त्यसो भएको हुनाले अहिले अन्तिम समयमा अस्ति भेरीको अस्पतालको एउटा घटना छ, विभिन्न अक्सिजन लगायतका अभावका बावजुद, स्वास्थ्य सामग्रीका बावजुद, शंकरमितहरूलाई सेवा गर्दै गरेको अवस्था भेरी अस्ष्पतालमा सत्तापक्षसँग नजिक रहेका व्यक्तिहरूले सदिक्षा गैरे लगायतका स्वास्थ्यकर्मीहरु माथि जुन सांघातिक आक्रमण भयो त्यो आक्रमणको म घोर भत्र्सना गर्न गर्न चाहन्छु र दोषीमाथि कडा भन्दा कडा कारवाही होस् भन्ने अनुरोध गर्न चाहन्छु । साथसाथै यो रोष्टमबाट विभिन्न चुनौति अभावका बिचमा रहेर आफ्नो ज्यानको परवाह नगरीकन स्वास्थ्य सेवाको धर्म अवलोकन गर्दै अग्रपंक्तिमा रहेर संक्रमितहरूलाई

सेवा पुऱ्याउर्नु हुने स्वास्थ्यकर्मी, सफाईकर्मी, सुरक्षाकर्मीहरुलाई सम्मानका साथ सल्युड गर्न चाहन्छु ।

सभामुख महोदय, सभामुख महोदय मार्फत म सरकारलाई अनुरोध गर्न चाहन्छु । हामीलाई जानकारीमा आएको छ, कि अहिले आएर पनि ठूलो रकमान्तर गर्ने गरिएको छ भन्ने जुन यहाँ सुन्नमा आएको छ । यदि त्यो रकमान्तर कोभिडको लागि भएको छ भने त्यसमा विवाद रहेन, किनभने हामी सबैले त्यसलार्य स्वीकारेको हो । कोभिडको समाधान गर्नको लागि जस्तोसुकै शीर्षकबाट रकम ल्याएता पनि त्यसलाई हाम्रो स्वीकार्य छ त्यो भन्दा बढी अरु अन्यथा हुन गयो भने त्यसलाई हामी सहजतापूर्वक लिन सक्दैनौं । यदि त्यो भएको छ भने पनि त्यसको करेक्सन होस् भन्ने म अनुरोध गर्न चाहन्छु।

सभामुख महोदय, जनताहरू आज खोपको लागि पर्खिराखेका छन् । निषेधाज्ञामा रहेर बन्दाबन्दीको मारमा जनता परिरहेका छन् यस्तो अवस्थामा जनताले ५ वर्षका लागि हामीलाई प्रदेश सभामा पठाएको यथार्थता हो । आफ्नो वहुमतलाई कायम गर्न नसकेको सत्यता हो । यही यथार्थतालाई स्वीकारेर संविधानको भावना, मूल्य र मान्यता भावना अनुरूप वैकल्पिक सरकारको सम्भावना रहँदा रहँदै असंवैधानिक कदम चालेर प्रदेश सभालाई मार्ने मनसाय सत्तापक्षले राखेको छ भने त्यो जनताको विश्वासमामाथिको कुठाराघात मात्र होईन संवैधानिक अपराधको रुपमा  प्रदेश सभाको इतिहासमा दर्ज हुनेछ । मलाई विश्वास छ, माननीय मुख्यमन्त्री जस्तो व्यक्ति जसले हिजोसम्म लोकतान्त्रिक व्यवस्था र संघीयता तन्त्रको वकालत गर्दै आउनुभएको छ, ले संघीय राजनीति, संसद विघटन, पुनस्थापना आदिलाई मध्य नजर गर्दै संवैधानिक भन्दा बाहिर गएर सत्ता लोलुपताको कालो टीका लगाउनु हुने छैन ।

सभामुख महोदय, गण्डकी प्रदेशका राजनीतिक दलहरू, संविधान र संवैधानिक व्यवस्थालाई पालना गरेर प्रदेश र प्रदेशवासीहरुको सुख, समृद्धि अभियानलाई अगाडि बढाउने दायित्वलाई पार्टीगत हितभन्दा माथि उठेर निर्वाह गर्दछन् भन्ने कुराको नजिर कायम हुनेछ । विगत ३ वर्षदेखि सत्तापक्ष र प्रतिपक्षका बिचमा आ-आफ्नो मर्यादा दायरा भित्र रही प्रदेशलाई सातै प्रदेश मध्येको अव्वल प्रदेश बनाउने अभियानमा जसरी

सहकार्य गरेर अगाडि बढेका थियौं। सोही परम्परा भविष्यमा पनि कायम रहनेछ भन्ने विश्वासका साथ यो बजेट अधिवेशनको सफलताको कामना गर्दछु ।

धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङद्वारा अधिकृत माननीय भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था ऊर्जा जलस्रोत तथा खानेपानी कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री रामशरण बस्नेतलाई बोल्न समय दिन्छु ।

**माननीय रामशरण बस्नेत**

माननीय सभामुख महोदय, आज आठौं अधिवेशनको पहिलो वैठकमा माननीय मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङको स्वास्थ्यका कारण उपस्थित हुन नसकेको जानकारी अघि भर्खर माननीय सभामुखले सदनलाई जानकारी गराइसक्नु भएको छ । म पुनः यो सम्मानित सदनलाई जानकारी गराउँदै आफ्ना भनाई राख्ने अनुमति चाहन्छु ।

माननीय सभामुख महोदय, नेपालको सार्वभौमसत्ता, स्वाभिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति सबभन्दा पहिला त भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्छु । साथै कोभिड-१९ को विश्व महामारीबाट संक्रमित भई ज्यान गुमाउनु हुने आदरणीय दाजुभाइ, दिदीबहिनीहरुमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँहरूको परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु र अहिले पनि, यतिखेर पनि विभिन्न ठाउँमा संक्रमित बन्न पुगेका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु । आज हाम्रो यो सदन चलिरहँदा कोभिड-१९ को विश्व महामारीका कारण मानव जातिले यो शताव्दिकै मानव जातिमा सबैभन्दा ठूलो संकट पैदा भईरहेको छ । यो विद्यमान अवस्थामा महामारी विरुद्ध लड्नु, मौजुदा स्वास्थ्य सेवा र सुविधालाई जुन छ, त्यो अपर्याप्त छ भएको र सो को अवस्थालाई क्रमशः सुधार गर्न गण्डकी प्रदेश सरकारले विभिन्न जिल्लाका अस्पतालहरूमा अघि पूर्व माननीयज्यूहरूले

पनि विभिन्न समयमा हामीले गरेका प्रतिवद्धताहरू अर्थात् संकल्प प्रस्ताव विभिन्न चरणमा गरिएका निर्णयहरू कार्यान्वयन गर्न सरकारले अस्पतालहरूको क्षमता अभिवृद्धि गर्ने, जनशक्तिको व्यवस्थापन गर्ने, भौतिक संरचनाको निर्माण गर्ने हामीसँग उपकरणहरू नै थिएन । ती उपकरणहरु खरिद गर्ने, थप वेडहरुको व्यवस्था गर्ने र हामीले थप प्रयोगशालाहरूको संख्या थप गर्ने, त्यति मात्रै नभईकन संक्रमण तथा सरुवा रोग अस्पताल स्थापना गर्ने, परीक्षणको दायरा फराकिलो बनाउने लगायतका महत्वपूर्ण काम सरकारले गरिरहेको व्यहोरा म यहाँ सदनमा अवगत गराउन सभामुख मार्फत चाहन्छु । तथापि हाम्रा प्रयत्नहरु, प्रयासहरुले पनि अब महामारी विरुद्ध लड्न हामीसँग सबै साधन र स्रोतहरु रहेन । तैपनि हामीले विभिन्न निकायहरुसँग समन्वय गरेर हाम्रा साझा प्रयासबाट हामी अगाडि बढिरहेको वर्तमान अवस्था हो ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभाका शुरु वर्षदेखि नै हाम्रा साझा लक्ष्यहरू थिए, उद्देश्यहरू थिए, गण्डकी प्रदेश सभाको समग्र विकासका निम्ति हामीले अल्पकालीन, मध्यमकालीन, दीर्घकालीन लक्ष्यसहित समृद्धी र सुखका मुख्य सूचकहरू निर्धारण गरी समावेशी, आर्थिक वृद्धि, गरिवी निवारण, स्थानीय उत्पादनसँग सघन सम्बन्ध भएको पर्यटन क्षेत्रको विस्तार र कृषिको आधुनिकिकरण, औद्योगिककरण र गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार, सुशासन र सामाजिक न्यायिक समितिको समृद्ध प्रदेश र सुखी प्रदेशवासीको लक्ष्य प्राप्त गर्न उपलव्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्दै सामूहिक रूपमा अगाडि अहिले पनि बढिरहेको छौं । हामी सबैको साझा प्रयत्नबाट गण्डकी प्रदेशमा थुप्रै उपलव्धिहरू हासिल भएको छ । अघि मात्रै माननीयज्यूहरुले धेरै कुरा संघीय सरकारको यस्तो उस्तो भनिरहँदा प्रदेश सरकारका कुराहरु अत्यन्तै न्यून आए ।

यसले पनि के प्रमाणित गर्दछ भने गण्डकी प्रदेश सरकार जनताको दुःखसँग नजिकबाट नियाँलेर त्यो समस्या समाधान गर्नका निम्ति पहल गरिरहेको छ भन्ने कुरो स्पष्ट हुन जान्छ । गण्डकी प्रदेश सरकार जनताका समस्या संवोधन गर्नका निम्ति सबै राजनीतिक दलहरूसँग हामीले समन्वय गयौं, सहकार्य ग¥यौं। आफ्ना नीति तथा कार्यक्रम अगाडि बढाइरहेका कारण प्रदेशवासी जनताले समेत अपनत्व ग्रहण गरेको र सो बमोजिम

आशा गरे अनुरुपकै प्रगति नजिक रहेको अहिलेको अवस्था छ । सरकारले अहिले पनि म तपाईंहरुका बिचमा केही कुराहरु तथ्यगत रुपमै राख्न चाहान्छु ।

६३२ कि.मि.बाटो कालोपत्रे अहिले पनि काम भइरहेको छ, कतिपय सडक सम्पन्न भईरहेको छ । भौतिक पूर्वाधारको क्षेत्रमा, पर्यटनका क्षेत्रमा, चाहे त्यो शिक्षाको क्षेत्रमा होस्, सडक पुलको क्षेत्रमा, चाहे खानेपानीको क्षेत्रमा होस्, चाहे त्यो शिक्षामा होस्, चाहे त्यो चाहे त्यो खेलकुखको क्षेत्रमा होस् हामीले गरेको सामाजिक विकास मन्त्रालयको अन्तरगतका चाहे त्यो शिक्षाको क्षेत्रमा होस्, हामीले गरेका प्रगतिहरू आँखाले देखिन सकिने छन् । त्यसकारणले हामीले जनताका थुप्रै आकांक्षाहरू थिए, चाहनाहरू थिए, त्यो अनुरूप हामीले काम गर्न नसके पनि धेरै प्रतिशत धेरै भन्दा धेरै हाम्रा साझा प्रयत्नहरुले उपलव्धिहरू हासिल भएका छन् । नेपालमा अहिले जुन पछिल्लो राजनीतक जुन उत्पन्न नयाँ परिस्थिति जन्मियो, जन्मिसकेपछि अहिले मुलुकमा राजनीतिक अस्थिरता देखा परेको छ ।

जुन राजनीतिक अस्थिरताको कारण जुन तिव्र रुपमा गएको विकास निर्माणका कामहरु आज ओझेलमा परेका छन् । सत्ता केन्द्रित राजनीतिले गर्दा आज ती जनताले छिटो भन्दा छिटो सेवा पाउने, छिटो भन्दा छिटो जनताको घरदैलोमा सेवा पुग्ने कुराहरु रोकिएका छन् । त्यसकारणले गर्दा हामी भन्न चाहन्छौं, म सरकारको मात्रै नभईकन, नेकपा एमालेको एउटा नेता र कार्यकर्ता भएको कारणले पनि म भन्न चाहन्छु । हामी राजनीति अस्थिरताको अन्त्य गर्ने हो, साँच्चै ५ वर्षसम्म यो सदनलाई अगाडि चलाउने हो, बढाउने हो अब बाँकी अवधि पूरा गर्ने हो भने राजनीतिक दलहरु तयार हुनुपर्छ नेकपा एमाले तयार छ भन्ने म स्पष्टसँग राख्न चाहन्छु । त्यसकारणले आज हामी नीतिको कुरा गर्छौं, विधिका कुरा गरिरहेका छौं । नधाटीकन भनौं, हामी अहिले पनि हामी कुन कस्तो अवस्थामा सरकार हामीले बनाउनु पर्यो ।

मुख्यमन्त्रीज्यूले मार्ग प्रशस्त गरिदिनु भएको होइन, अविश्वासको प्रस्तावको फेस किन गर्नु पर्यो ? नेकपा एमालेले त्यतिखेर कुनैले अरु दलका साथीहरुले यहाँ सरकार बनाउन सक्नु हुन्छ भने तपाईंहरुले बनाउनुस् भनेर छोडेको होइन र ? नसकिसकेपछि त्यो एकदम घटनालाई हामी जस्ताको तस्तै हामीले प्रस्तुत गर्नुपर्छ । यो वा त्यो मान्छेलाई

हामीले आरोप लगाएर उहाँहरुको नाम किटान गरेर फाइदा के हुन्छ आखिर ? त्यसो भएको कारणले आम नागरिकलाई झुक्याउनु जरुरत छैन । यहाँ त अझ जनताबाट प्रतिनिधित्व गरेर चुनिएर मत लिएर आउनुभएको माननीयज्यूहरु हुनुहुन्छ, यो घटना प्रष्ट हामीलाई थाहा छैन र ? त्यसो भएको कारणले अहिले पनि म भन्न चाहन्छु, हामीले बढाई चढाई कुरा नगरौं, कुराहरु राखौं, हामी मिलेर जाउँ, मिलेर जाँदा जनताका पक्षमा धेरै निर्णयहरु गर्न सकिदा रहेछन् ।

यो महामारी रोग हामी मिलेरै जाँदा पराजित गर्न सकिन्छ । जुन चिन्ता माननीयज्यूहरुले गर्नुभएको छ । यो चिन्ताको मुक्ति हाम्रो संयुक्त लगाइले जित्न सकिन्छ । त्यसो भएको कारण म यहाँ हार्दिकताका साथ अनुरोध गर्न चाहन्छु । कि अव यहाँ कुराहरु धेरै उठेका छन् । म एकत मुख्यमन्त्रीज्यूले यहाँ बोल्न पठाएको मान्छे अर्थात उहाँको स्वास्थ्यको कारणले मैले धेरै बोलिरहनु पर्ने जरुरत छैन । हाम्रो प्रदेश सभामा जहिले पनि यो भाषण गर्ने दिनमा जुहारी चल्छ, म जुहारी चलाउन खोजिरहेको छैन । केही विषयवस्तुहरु गम्भिरतापूर्वक उठेका छन् । कति सरकारलाई आग्रह गरिएको छ । यहाँ राजनीतिक साथीहरुले उठाउनु भएका कुरो सरकारका निम्ति त्यो ग्राह्य छ र अरु कुराहरु जुन उठेका छन् जुन यो अल्पमतको सरकार हो, हामीलाई पनि थाहा छ, यो सरकारले ३० दिनको विश्वासको मत लिनुपर्छ हामीलाई थाहा छ, तर हाम्रा कानुनहरू छन्, हाम्रा नियमहरू छन्, त्यसो भएको कारणले ३० दिन अगाडि अब यो दिनमा फलानाले भनेर लिनु पर्ने त्यो वाध्यता कहाँ छ र ? छैननि त्यसो भएको कारणले हामी २७ गते भित्रमा विश्वासको मत लिने कुरामा कोही द्विविधामा रहनु पर्दैन । स्पष्टताका साथ हामी समय अवधिभित्र यो काम गर्छौं ।

त्यसो भएको कारणले गर्दा यो अब सरकारले बजेट ल्याउन पाउने कि नपाउने ? अर्थात अधिवेशन गर्न पाउने कि नपाउने ? हामीले कानुनमा, नियममा, नियमावलीमा हामीले भनेका छैनौं, लेखेको छैनौं ? हामीले १५ दिन अगावै हामी प्राथमिकता र सिद्धान्तमा हामीले छलफल गरेनौं भने १ गते बजेट ल्याउन नसक्ने स्थिति छ । त्यसो भएको कारणले त्यो काम अहिलेको सरकारले गर्ने कि नगर्ने ? नगर भन्दा रोकिने कुरा हुन्छ ? हुँदैन । हाम्रा सहमतिका बिचमा यी कुराहरु अगाडि बढ्दै जाऔं र जुन दिन

त्यो दिन आउँछ । हामीले विश्वासको मत लिए हामी बस्छौं, होइन अर्कै सरकार बन्ने स्थिति रहेछ, अर्कै सरकार बन्छ भने हामीले विश्वासको मतले लिए हामी बस्छौ होइन अर्को सरकार बन्ने रहेछ ।

अर्कै सरकार बन्छ भने नियम, कानुन संविधानले जे व्यवस्था गरेको छ त्यसरी नै यो सरकार अगाडि बढ्छ । यहाँ आत्तिहाल्नु पर्ने, डराइहाल्नु पर्ने, केपी ओलीसँग एकदम डराएर जुन अवस्थाहरु सृजित भएको छ । यहाँ पृथ्वीसुव्वा गुरुङसँग त्यसरी डराउनु पर्छ भन्ने म आफूलाई लाग्दैन। त्यसो भएको कारणले यहाँ जुन चिन्ताको विषय कोभिडको छ जहाँ महामारी भयो भनेको छ त्यहाँ सांसदहरू, मन्त्रीहरू सबै त्यहाँ पुगेको स्थिति छ, कसरी नियन्त्रण गर्ने भन्ने चिन्ता हामी सबैलाई छ । हामी सबै जनप्रतिनिधिहरू हौं र सरकारले गरेन भन्दा पनि हामी सबै जितेर गर्ने बारेमा हामीले सोचौं भन्ने म आफूलाई लाग्छ । आज प्रदेश सभा चिठी बाँड्दैन अब यो मर्छ कि कसैले मार्छ कि भन्ने चिन्ता पनि साथीहरुमा पर्न खोजिरहेको छ । यो कुरा मैले भनिसकें, संसद छल्ने, भाग्ने, सरकारको अन्त अन्त भाग्यो भनेर भन्यो छ । मलाई लाग्छ, हामीले अविश्वासको प्रस्ताव हामीले फेस नगरीकन मार्ग प्रशस्त गर्दा भागेको हुन्छ ? हुँदैन ।

मलाई लाग्छ त्यस्तो कुरामा कुनै सत्यता छ भन्ने लाग्दैन र सरकारले अहिले हिजै पनि बजेट आयो, हामीले त्यो सरकार बजेट ल्याउने अर्थात संघीय सरकारपट्टि आभार व्यक्त गर्नु पर्छ, धन्यवाद दिनुपर्छ । यहाँ भ्याक्सिन चाहियो अहिले भन्ने भ्याक्सिन पनि माग्ने अनि जसले २६ अरव ७५ कारोड छुट्याएको छ अनि त्यहींतिर भाग्ने, हात लाउने, अनि सरकारलाई गाली गर्ने ? बुझाई के हो ? यहाँ ल्याइराखेको छ, त्यही तिर यो हात लाउने, अहिले मिलेन कि, अहिले सरकारले जुन स्वास्थ्यको क्षेत्रमा एउटा भिजन ल्याएको छ, आम नागरिकलाई खोप छिटो भन्दा छिटो दिने योजनाका साथ लागेको छ धन्यवाद दिनुपर्छ, सल्युड गर्नु पर्छ । मन परेको छैन, राम्रो काम गरेको छ भने छिःछि र दुरदुर गर्नु हुँदैन, त्यो हाम्रो मानवीय स्वभावले पनि दिंदैन ।

त्यतातिर हाम्रो ध्यान जानु पर्छ जस्तो लाग्छ मलाई । अहिले पनि हामी संघीयता, हामी सबैको पहल र पहलतामा ल्याइएको । अहिले माईक समात्दा गणतन्त्रको विरोधी केपी ओली भन्न सकिएला, सक्नुहुन्छ गएपछि । पञ्चायतै लंगौठे केपी ओली बन्न सकिएला

तर केपी ओजी १४ वर्ष जेल बसेको मान्छे हो भन्ने कुरो रहरले बसेको थिएन, स्वास्थ्य त्यत्तिकै बिगारेको थिएन भन्ने कुरा पनि सम्झिन जरुरत हुन्छ । म कुन ठाउँमा छु, र मैले कसको विरोध गरिराखेको छु, मेरो धरातल के हो? भन्ने कुरो हामीले त्यो धरातलमा टेकेर उभियौं भने धेरै मानिस प्रति हाम्रो सम्मान हुन्छ, श्रद्धा हुन्छ र त्यो सम्मान र श्रद्धा गर्न नसक्ने मानिसहरुलाई मैले केही भन्नु छैन । हामीले सम्मान गर्नुपर्छ, अब आउने नेताहरु प्रति जो सम्मान गरिदैन, आफू एकदम ठूलो भएको महसुस गरिन्छ भने त्यसरी नै प्रस्तुत हुन्छ भने आज गिरिजाबावु ठुलो नेता मान्न आम जनताले मान्दामन्दै पनि नाक समातेर एउटाले मन पर्दे भन्दिन सक्छ, त्यो चरित्र हामीले देखाउन हुन्न, त्यसो भएको कारण हामी अहिले राष्ट्रिय राजनीतिक संकटमा छ ।

प्रदेशमा हामी सबै राजनीतिक पार्टीको बिचमा हामी एकआपसमा मिलेर बसेका छौं । यसो अलि अगाडिको राजनीतिक घटनाक्रमलाई हामीले नियाँल्ने हो भने हामी कस्तो ग्राउण्डबाट आइरहेका छौं ? यो एकदम प्रष्ट छ । हामी हिजो राणा विरोधी आन्दोलनमा लाग्यौं राणाहरुको त्यो शासन व्यवस्थाको अन्त्य गर्न लाग्यौ, निषेधकै राजनीतिबाट अगाडि बढ्यौं, पञ्चायतको कुरा ग¥यौं पञ्चायतकै अन्त्यकै निम्ति, राजतन्त्रको लडाईं लड्यौं राजतन्त्रैको अन्त्यको लागि । त्यसो भएको कारणले हाम्रो पृष्ठभूमि निषेधको राजनीतिबाट हामी आइरहेको कारणले गर्दा अहिले पनि हामी के गर्दैछौं ? गणतन्त्र आइसक्यो, लोकतन्त्र आइसक्यो हामीले संघीयता ल्यायौं, सयौं मान्छेहरू सहिद हुनुभयो अब हजारौं मानिसहरु सहिद बन्नुभयो, अनि यो पछि पनि फेरि हामी यो निःषेधको राजनीति गर्न अगाडि सरिराखेको छौं । निःषेधको राजनीतिले गणतन्त्रलाई सुदृढ बनाउन सकिदैन, लोकतन्त्रलाई सुदृढ बनाउन सकिदैन र यो समाजलाई रुपान्तर गर्न सकिदैन, परिवर्तन गर्न सकिदैन, त्यसो भएको कारणले अबको राजनीति भनेको सहकारीको राजनीति हो, समन्वयको राजनीति हो ।

ईष्या, डाह, प्रतिशोधको राजनीतिले हामीलाई ठूलो भड्खालोमा हाल्न सक्छ । त्यसो भएको कारणले हामी यतिखेर एउटा आन्दोलनबाट खारिएर आएको राजनीतिक दलहरु हौं, रे त्यसको प्रतिनिधित्व गर्ने पात्र हामी हौं । त्यसो भएको हुँदा मलाई लाग्छ, हमीले सोच्नु पर्छ । यदि हामी गण्डकी प्रदेशलाई अघि भर्खरै बोल्ने वक्ताले भनिरहनु

भएको छ, यो गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउने । यो गण्डकी प्रदेशको आम नागरिकलाई सुखी बनाउने भनेर पूर्व वक्ता सदस्यले भनिरहनु भएको छ। त्यो डाहले बन्छ ? त्यो ईष्र्याले बन्छ ? बन्दैन, त्यो हामी बिचको सहकार्यको बिचले बन्छ, त्यो एमाले तयार छ । यहाँ तराई देखि हिमालसम्म हाम्रो जुन भूगोल छ त्यस भूगोललाई रूपान्तरण गर्ने हो, परिवर्तन गर्ने हो, भने यो आजको आवश्यकता हो । त्यसो भएको हुनाले यहाँ हामीले अहिले बोल्नुपर्छ संविधान अनुरुप नचल्नेहरू, चलेन, संविधानकै हूर्मत लियो भन्नेहरूले के बुझ्न जरुरत छ भने अब हामी गणतन्त्रमा, लोकतन्त्रमा हामी संविधान कानुन, नीति, विधि अनुरुप चल्ने हो ।

आफू अनुकुलता हुँदा ठिक भन्ने, प्रतिकुल हुनेवित्तिकै वेठिक भन्ने । सत्तामा बसुन्जेल राम्रो र सत्ताबाट बाहिर निस्केपछि नराम्रो, अब यसरी नै हामी भन्न थाल्यौं भने के हुन्छ ? त्यसो भए राम्रो र नराम्रो छुट्याउन नसक्ने स्थिति हुन्छ । त्यसो भएको कारणले म त भन्छु, अहिले पनि भन्छु, अघि पूर्ववक्ता साथीहरुले पनि भन्नुभयो कि अहिलेको सरकार होस्, एमाले होस् हामी यहाँको आम समस्याहरुलाई, हामी जनताका समस्याहरुलाई पुर्याउन चाहन्छौं, प्रेदशलाई रूपान्तरण गर्न चाहन्छौं, समृद्ध प्रदेश बनाउन चाहन्छौं, एक नंवरको प्रदेश बनाउन चाहन्छौं, हामी जो कोहीसँग पनि हातेमालो गर्न तयार छौं, साथीभाइहरु तयार हुनु पर्छ ।

दोष सरकारलाई मात्र देखाएर प्रदेश सभामा बस्ने कोही पनि उम्कन पाउँदैन, कोही उम्कन सक्दैनौं, सकारात्मक सल्लाह, सुझाव दिनुहोस् त्यसमा हामी सकारात्मक पक्षमा छौं । सरकार त्यसलाई १०० प्रतिशत स्वीकारेर बस्छ । आज हामीले कुनै व्यक्तिको कुरो गर्नु छैन । हामी कानुनको कुरा गरौं, हामी जिम्मेवारीको कुरा गरौं, जिम्मेवारीपूर्वक कार्य गरौं, यो कुराले नै हामीलाई सफलतामा पुर्याउछ भन्ने लाग्छ मलाई । त्यसो भएको कारण आज गण्डकी अस्पतालमा एउटा घटना घट्यो, हामी कति बुझेर भनेका छौं, हामीलाई प्राप्त सूचना छ अक्सिजन त्यहाँ थियो, छ, अहिले पनि हेर्न जानुपर्छ । हामी त्यत्तिकै बिच—बिचमा बोल्यौं भने, मिथ्या कुरा बोल्यौं भने, अहिले सरकारमा भएका प्रतिपक्षमा बस्न पनि सक्छ, प्रतिपक्षमा भएका सरकारमा जान पनि

सक्छ । मिथ्या कुरा बोल्यौं भने जनता एग्रिसिभ भयो भने, जनता सडकमा आयो भने ठूलो क्षति हुन सक्छ । सत्य के हो, तथ्य के हो ? त्यो बारेमा हामीले भन्नुपर्छ ।

हामीले सदनमा आएर हामीले जे पायो त्यही बोल्यो भने भोलि सडकमा केही घटना घट्यो भने त्यो जिम्मेवारी कसले लिने ? त्यो बारेमा पनि सोच्नु पर्दछ । गण्डकीको सन्दर्भमा हामीले सरकारकै तर्फबाट मुख्य मन्त्री नै स्वास्थ्य मन्त्री हुनुभएको कारणबाट उहाँले धेरै बुझ्नुभएको छ, र त्यसो भएको कारणले एकैदिनमा एउटै हस्पिटलमा धेरै मान्छेहरु पनि अब नजाओस्, नमोरउन् त्यो त सरकारले पहल गरिराखेको छ, प्रयत्न गरिराखेको छ बचाउनको निम्ति । माननीयजीहरुको सल्लाह, सुझावलाई लिएर नै हामीले उपकरणहरु ल्यायौं, नयाँ नयाँ प्रविधिहरु भित्र्याइरहेको छौंँ, रोकथाम धेरै भन्दा धेरै भइरहेको छ ।

तपाईंले नै नभनेको भए अस्पतालमा आठ नौं वटा अस्पतालहरुमा अक्सिजन प्लाण्ट त बन्दैन थियो होला । अघि नै एकजना माननीयले भन्नुभयो कि धेरै समयपछि अक्सिजन मन्त्रीले गएर उद्घाटन गर्नुभयो गोरखामा । त्यहाँ अहिले पनि बिल्डिङ बनेको छैन, पूरा भएको छैन, हस्तान्तरण भएको छैन, अब त्यहाँ कोभिड आइसक्यो अब त्यहाँ क्यान्टिनमा भने पनि जुन अस्पतालको चमेनागृह राख्ने ठाउँमा अहिले त्यहाँ हामीले त्यो व्यवस्था हामीले गर्यौं । जुन अस्पतालको चमेनागृह राख्ने ठाउँमा अहिले त्यहाँ त्यो व्यवस्था हामीले गर्‍यौं । किनभने बिल्डिङ धेरै भयंकरको बन्दैछ, अब एक डेढ महिनामा हस्तान्तरण हुँदैछ त्यसो भएको कारण त्यो वाध्यता हो, त्यो हामीले गरिराखेका छौं ।

त्यसोभएको कारणले सरकार बाहिर जान लाग्यो भने तपाईंहरुले सल्लाह दिनुहोस् । सरकारले राम्रा कुरालाई एसेप्ट गर्छ र हामी आज अब ती कुरा मैले गण्डकीको कुरामा मुख्य मन्त्रीले माफी माग्नु पर्छ, ठीकै छ नि, जिम्मेवारीका हिसावले त्यहाँ गल्ती भएको रहेछ, कमीकमजोरी भएको रहेछ । त्यो त त्यहाँ छानविन गर्दै पनि छौं हामी अब होइन भन्नेतिर लगभग निचोडमा पुगिसकेका छौं, त्यो एउटा तथ्य, सत्य कुरा पत्ता नलगाई त्यत्तिकै माफी माग्नु पर्छ भन्न हुन्न जस्तो लाग्छ मलाई । त्यसो भएको कारणले म सबै साथीहरुलाई, राजनीतिक पार्टीका नेता साथीहरूलाई भन्न चाहन्छु, हामी सरकार संचालन गरिरहँदा, रकमान्तर यो स्वभाविक कुरा हो, योजनाहरु छनोट

हुन्छन्, कतिपय योजनाहरू छनोट भईरहेका हुन्छन्, कतिपय योजनाहरू विवादका कारणले कार्यान्वयन हुँदैन ।

हामी एउटा सडकलाई ५ करोड रुपैयाँ लिईराखेका छौ, त्यो सडकलाई ३४ करोड लाग्छ । पाँच करोडको मात्रै काम गर्ने हो भने ३४ करोड लाग्ने सडक कति वर्ष लाग्छ ? हामीले ती सडकहरु कहिले सिध्याउने भनेका छौं ? तीन वर्षमा सिध्याउने भनेका छौं । अनि अन्त उग्रेको पैसा रकमान्तर गरेर त्यो ठेकेदारलाई नदिने हो भने काम हुन्छ ? हुँदैन नि । त्यसो भएको कारणले हामीले जे गरिरहेका छौं त्यो तपाईंहरुले छर्लङ्ग हर्न सक्नुहुन्छ सरकारकै तर्फबाट कुरा गर्दछु, देख्न सक्नुहुन्छ सरकार एकदम पारदर्शीता छ त्यो गर्नै हुन्न भन्यो भने त विकास निर्माण रोकिन्छ नि, विकास निर्माण रोकी आशय हाम्रो हो र, जनप्रतिनिको हो र ? होइन नि।

त्यसो भएको कारणले गर्दा म अनुरोध गर्न चाहन्छु र भन्न पनि चाहन्छु कि अहिले जुन परिस्थिति छ यस विषम परिस्थितिमा हामी छौं, हामी जनताबाट चुनिएको माननीय हो, त्यसो भएको कारणले जनताको पक्षमा, जनताको हितमा, जनताको रक्षामा काम भएको छैन भने औंलो ठडयाउनु मैले त बारम्बार भनेको छु । गुण र दोषको आधारमा हामीले व्यवहार गरौं । दोष छ, नराम्रो छ, गर्न नसक्ने स्थिति छ, जताततै लथालिंगको स्थिति छ, चरम भ्रष्टाचार छ, विकास निर्माणले गति लिएको छैन त्यो एउटा पाटो । जहाँ राम्रो छ, जहाँ गति लिइरहेको छ, त्यो बारेमा एउटा सोच्नु पर्ने स्थिति हुन्छ, त्यसैभएको कारणले हामी सबै जिम्मेवारी बनौं । मैले धेरै कुराहरु तपाईंहरुका बिचमा राख्नु भन्दा पनि अब प्रश्नको उत्तर दिएर मैले जुहारी खेल्नेतिर म लागिनँ । तपाईंहरू कतिपयले सरकारलाई दिएको सुझाव छ, सल्लाह छ त्यो मननीय योग्य छ, सरकार ग्रहण गर्दछ र राजनीतक दलै भनेको हाम्रो नेकपा एमालेको आफ्नो एउटा स्पष्ट धारणा हामी सहकार्य र एउटा समन्वयबाट मात्रै यो प्रदेशलाई रूपान्तरण गर्न सक्छौं, परिवर्तन गर्न सक्छौं, र यहाँको आम नागरिकलाई सेवा दिन सक्छौं ।

अहिले विश्वभरि फैलिएको कोभिड-१९ जुन छ, यसको रोकथाम गर्न हामी सबैको पहल प्रयन्तबाट संभव छ भन्ने कुरा म राख्न चाहन्छु । कोभिड—१९ को जुन महामारीका बिच आज स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरु, विभिन्न सबै क्षेत्रका मानिसहरु खटिरहनुभएको छ,

उहाँहरु सबैप्रति सरकारको तर्फबाट धन्यवादन दिन चाहन्छु । हामी अहिले पनि राजनीतिक परिस्थिति अलि जटिल भएको छ ।

पार्टीहरूको बिचमा भनौं नेकपा विभाजन आइसकेपछि एउटा समस्याहरु देखा परेको छ, त्यो समस्या हल भनेको अर्थात राजनीतिक रुपमा देखिएको जुन एउटा समस्या छ, त्यसको समाधान पनि हामी हामी नै बिचमा छलफल र सैद्धान्तिक होस्, वैचारिक होस् ती छलफलबाट मात्रै सम्भव छ । अहिले जुन शक्तिसँग, अहिले जुन एउटा मोर्चा बनिसकेको छ, त्यो मोर्चाको बारेमा मैले धेरै भनिरहनु पर्दैन, किनभने तपाईंहरू एउटा मोर्चामा हुनुहुन्छ, त्यो मोर्चामा गईरहँदा हामी बोक्नेहरुले सोच्नु पर्दछ।

त्यो भारी बोकिसकेपछि त्यसबाट निस्केको पछि आउने परिणाम ठिक हो भने त सन्तुष्टी मिल्ला तर ठिक हुने स्थितिहरु अब नहुन पनि सक्छ । त्यसो भएको कारणले अब एक दुई सबै तमाम कुराका बारेमा छलफल गरौं र हामी बिचको जुन सहकार्य छ, र यहाँ प्रदेश सभामा हामी सबै जति दल छौं त्यो सबै दलका के बिचमा जुन सहकार्य छ, जुन एउटा समझादारी कायम गरेर हामी अगाडि बढिरहेका त्यो सहकार्य निरन्तरता पाओस् भन्दै आठौं अधिवेशनको पूर्ण सफलताको कामना गर्दै यहीं टुङ्ग्याङ्कउछु। हस् नमस्कार ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, अब यो वैठक २०७८ साल जेठ १७ गते दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।